अनौपचारिक न्यायिक क्षेत्रको प्रशिक्षणका लागि

# न्याय, लैङ्गिकता तथा मानव अधिकारसम्बन्धी सहयोगी पुस्तिका

२०६९



International Alert.
Understanding conflict. Building peace.

## पहुँचयोग्य र जवाफदेही न्यायकालागि साझेदारी परियोजनाका बारेमा जानकारी

अनौपचारिक रुपमा न्याय निरुपण गर्ने कार्यमा संलग्न रहनु हुने सरोकारवालाहरूलाई पनि अधिकारमा आधारित पद्दतिका माध्यमवाट विवादहरूको समाधान गर्न अवलम्बन गर्नुपर्ने आधारभूत मान्यता र प्रक्रियाका सम्बन्धमा जानकारी दिलाउन यो पुस्तिका तयार पारिएको हो । यो एउटायस्तो चालू पहलकदमीको भाग हो जसले सम्पूर्ण नेपाली नागरिकहरूको न्यायिक आवश्यकताकाबारेमा बृहत् बुझाइका साथ सञ्चालित हुने प्रवर्द्धित न्यायिक प्रणालीको परिकल्पना गर्दछ ।यसले नेपाली नागरिक खासगरी गरीब, सीमान्तकृत र जोखिममा परेका समूह र समुदायप्रतिन्यायक्षेत्रको पहुँच र जवाफदेहिता अभिवृद्धिकालागि विभिन्न न्यायिक संयन्त्रहरूबीचको सहकार्यर संयोजनलाई अझ सशक्त बनाउने थप लक्ष्य लिएको छ । मानवअधिकारप्रतिको सम्मानएवं लैङ्गिक समानताको सिद्धान्तको अनुसरनका लागि अनौपचारिक न्यायकर्ताहरूलाई सहयोग,औपचारिक तथा अनौपचारिक न्यायिक क्षेत्रको भूमिका र जिम्मेवारीका बारेमा अझ बढी स्पष्टतापैदा गरी यी दुई क्षेत्रबीच सम्बन्ध निर्माण एवं सबलीकरण गर्ने कामद्वारा यस पहलकदमीले उक्तकार्यसम्पादन गर्दछ ।

युरोपियन युनियनको आर्थिक सहयोग रहेको यस परियोजनामा तीन सदस्यीय राष्ट्रिय रअन्तर्राष्ट्रिय नागरिक समाज संगठनहरूको संलग्नता रहेको छ । महिला, कानुन र विकास मञ्च,इन्टरनेसनल अलर्ट र कानुनी सहयोग तथा परामर्श केन्द्र यस परियोजनाका साझेदार हुन् ।

© २०१३ महिला कानुन तथा विकास मञ्च, इन्टरनेसनल एलर्ट र कानुनी सहयोग तथा परामर्श केन्द्र

सर्वाधिकार प्रकाशकमा सुरक्षित छ । पूरै स्रोत नखुलाई यस प्रकाशनको कुनै पनि अंश फेरि छाप्न,तान्न मिल्ने गरी भण्डारण गर्न वा कुनैपनि रूपमा कुनैपनि माध्यमबाट वा विद्युतीय माध्यमबाट,यन्त्रबाट, प्रतिलिपी बनाएर, रेकर्ड गरेर वा अन्य कुनै विधिबाट प्रसार गर्न पाइनेछैन । योदस्तावेज www.fairjusticenepal.orgवेबसाइटमा पनि उपलब्ध छ ।

यो प्रकाशन युरोपियन यूनियनको आर्थिक सहयोगमा प्रकाशन गरिएको छ । यसमा समावेश भएका विषयवस्तुकोसम्पूर्ण जिम्मा इन्टरनेसनल अलर्ट, महिला कानुन र विकास मञ्च र कानुनी सहयोग तथा परामर्श केन्द्रको हो र कुनैपनि परिस्थितिमा युरोपियन यूनियनको विचार प्रतिविम्बित भएको मानिने छैन ।

# तयारकर्ता

श्री फणिन्द्र गौतम, उपसचिव, कानुन तथा न्याय मन्त्रालय

अधिवक्ता सविन श्रेष्ठ

अधिवक्ता लोकहरि बस्याल

# भूमिका

कुनैपनि देशमा व्यक्तिहरूबीच उत्पन्न हुने विवाद समाधान गर्नेदुई पद्दतिहरू रहेका हुन्छनः एउटा औपचारिक र अर्को अनौपचारिक ।औपचारिक पद्दति अन्तर्गत अदालत, विशेष अदालत, ट्रिबुनल, मध्यस्थता जस्ता संयन्त्रहरू कानून बमोजिम स्थापित तथा क्रियाशील हुन्छन भने अनौपचारिक पद्दति अन्तर्गत सामुदायिक मेलमिलाप, स्थानीय भद्र भलादमीले गर्ने विवाद समाधान तथा जातीय संगठन वा परम्परागत पद्दतिमा गरिने विवाद समाधानका तरिकाहरू रहेका हुन्छन । यी अनौपचारिक पद्दतिले सामान्य प्रकृतिका विवादहरूको समाधान स्थानीय स्तरमै समाधान गर्ने गर्दछ ।नेपालमा एक अध्ययनले करिव ८० प्रतिशत विवादहरू यस प्रकारका संयन्त्रहरू मार्फत समाधान हुने गरेको देखाएको छ ।तर औपचारिक पद्दतिका संयन्त्रहरूकोलागि कानूनले कार्यविधि निर्माण गरेको र ती कार्यविधिहरूका सम्बन्धमा समय-समयमा तालिम तथा अन्तरक्रिया गरी त्यस्ता संयन्त्रमा संलग्न रहने व्यक्तिहरूलाई निरन्तर क्रियाशील तुल्याउने गरिदै आएको छ भने अनौपचारिक पद्दतिबाट संचालन हुने संयन्त्रका सम्बन्धमा त्यस्ता कुनै कार्य हुने गरेका छैनन् । फलस्वरुपवर्षेनी हजारौंको संख्यामा देशैभरी अनौपचारिक पद्दतिबाटविवादहरूको समाधान गर्ने कार्यमा संलग्न व्यक्तिहरूलाई लक्षित गरी न्यायको आधारभूत अन्तरवस्तु, मानव अधिकार, लैङ्गिकता जस्ता आधुनिक अवधारणाका बारेमा जानकारीमूलक कार्यक्रम संचालन गर्न सकिएको छैन ।

यसै कमीलाई हटाउदै अनौपचारिक रुपमा न्याय निरुपण गर्ने कार्यमा संलग्न रहनु हुने सरोकारवालाहरूलाई पनि अधिकारमा आधारित पद्दतिका माध्यमवाट विवादहरूको समाधान गर्न अवलम्बन गर्नुपर्ने आधारभूत मान्यता र प्रक्रियाका सम्बन्धमा जानकारी दिलाउन यो पुस्तिका तयार पारिएको हो । यस पुस्तिकाका माध्यमबाट नेपालको न्याय प्रणालीमा थोरै भएपनि योगदान पुग्नेछ भन्ने विश्वास हामीले लिएका छौं । यस पुस्तिकालाई आगामी दिनमा परिमार्जन गरी थप व्यवहार उपयोगी बनाउन सदा झै आफ्ना अमूल्य सुझाव तथा सल्लाह दिनु हुन हामी समस्त विज्ञ पाठक तथा प्रयोगकर्ताहरूमा हार्दिक अनुरोध गर्दछौं । अन्त्यमा, यस पुस्तिकाको निर्माणमा आफ्नो अमूल्य सुझाव दिनु हुने कानुनी सहायता तथा परामर्श केन्द्र (ल्याक) का अधिबक्त अनिता थपलिया र अधिबक्ता पुण्ड्य शिला दवाडी, इन्टरनेशनल अलर्टका कार्यक्रम संयोजकहरू अधिबक्त रविना श्रेष्ठ र मान बहादुर भण्डारी तथा आर्थिक सहयोग उपलब्ध गराई सहयोग गर्नु हुने युरोपियन युनियनप्रति आभार प्रकट गर्दछौं ।

## विषय सूची


**पृष्ठभूमि**

**सत्र १** **कानूनको आधारभूत जानकारी**

- कानूनको परिभाषा
- कानूनको प्रकारहरू
- समाज र कानूनबीचको अन्तरसम्बन्ध

**सत्र २.** **न्यायको अवधारणा**

- न्यायको अवधारणा
- प्राकृतिक न्यायको सिद्धान्त
- न्यायमा पहुँचका आधारभूत तत्वहरू

**सत्र ३.** **विद्यमान न्याय प्रणाली**

- औपचारिक तथा अनौपचारिक न्याय प्रणालीसम्बन्धी सामान्य परिचय
- औपचारिक न्याय प्रणाली
  - सामान्य अदालत र विशेष अदालत
  - अर्धन्यायिक निकाय
  - औपचारिक न्यायिक प्रक्रियासँग सम्बन्धी अन्य निकायहरू ( सरकारी वकिल, कानून व्यावसायी, प्रहरी आदी)
  - अदालत प्रेशित मेलमिलाप
  - मध्यस्थता
- अनौपचारिक न्यायिक संयन्त्र

**सत्र : ४** **मुद्दाहरू र यसको कार्यविधि**

- अधिकार क्षेत्र
- हकदैया
- हदम्याद
- प्रमाणको संरक्षण
- कानूनी सहायता

**सत्र ५.** **अधिकार र यसका प्रकारहरू**

- अधिकार के हो ?
- अधिकारको प्रकार - कानूनी अधिकार, मौलिक अधिकार, मानव अधिकार
- आधारभूत मानव अधिकारसम्बन्धी जानकारी
- सकारात्मक अधिकार, नकारात्मक अधिकार
- व्यक्तिगत र सामुहिक अधिकार
- अधिकारमा आधारित दृष्टिकोण

**सत्र६** **मुख्य मानव अधिकारसम्बन्धी दस्तावेजहरूको सामान्य परिचय**

- मुख्य मानव अधिकारसम्बन्धी दस्तावेजहरूको सामान्य जानकारी
- तत्काल कार्यान्वयन हुने अधिकार र क्रमशः कार्यान्वयन हुने अधिकार

**सत्र ७** **लिङ्ग र लैंगिकता**

**सत्रः ८** **संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२० तथा राष्ट्रिय कार्ययोजना**

- प्रस्ताव नं १३२५,
- प्रस्ताव नं १८२०
- राष्ट्रिय कार्ययोजना

**सत्र : ९** **पीडित केन्द्रित कार्यविधि**

- संरक्षण
- गोपनियता
- क्षतिपूर्ति
- पूर्व जानकारीयुक्त सहमति

## सत्र१ः कानूनको आधारभूत जानकारी

### क) कानूनको परिभाषा

मानवीय गतिविधिका समग्र पक्षलाई नियमित गर्न राज्यले बनाएका सम्पूर्ण नियमहरूको समष्टिगत स्वरुपलाई कानून भनिन्छ । देशको शासन व्यवस्था सञ्चालन गर्न, समाजमा शान्ति सुव्यवस्था कायम गर्न, नागरिकका अधिकार संरक्षण गर्न तथा सामाजिक गतिविधि नियमित गर्न कानूनको आवश्यकता पर्दछ। हामी सबैले अनिवार्य रुपमा कानूनको पालना गर्नुपर्दछ। कानूनको पालना नभएमा कानूनले तोकेको सुविधा उपभोग गर्न मात्र नपाइने होइन, अवस्था अनुसार सजायको भागीदार समेत हुनुपर्दछ। सवैले समान रुपमा कानूनको सम्मान र परिपालना गर्ने अवस्थालाई नै कानूनी राज्य भनिन्छ ।

कानूनमा के छ भन्ने सम्बन्धमा सबैलाई जानकारी भएकै हुनु पर्दछ। कसैले गल्ती गरेपछि त्यस्तो कानूनको बारेमा थाहा नपाएर गल्ती भयो भनी छुट पाईदैन। त्यसैले आफूसँग सम्बन्धित हुने कानूनी सम्बन्धी जानकारीआफै राख्नु पर्दछ ।

कानूनका विभिन्न स्रोतहरू रहेका हुन्छन,जुन निम्नानुसार छन्:-

- विधायन (संसदले बनाएको लिखित कानून वा ती अन्तर्गतको अधिकार प्रयोग गरी बनाईएका कानून)
- प्रथा (परम्परादेखि चलिआएको प्रचलन)
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेजहरू
- नजिर (सर्वोच्च अदालतको निर्णय)

कानूनलाई कानून निर्माणको प्रक्रियाका आधारमा सामान्यतया: निम्न रुपमा वर्गीकरण गर्न सकिन्छ :

| **कानूनको वर्गीकरण** | **कानून निर्माण प्रक्रिया** |
|---|---|
| संविधान | देशको मूल कानून, जुन सर्वोच्च हुन्छ र जो देशको राजनीतिक अवस्था अनुसार विभिन्न प्रक्रियाबाट निर्माण गरिन्छ । |
| ऐन | संसदद्वारा पारित गरेको कानून |
| नियम/नियमावली | ऐनअन्तर्गत नेपाल सरकार वा सम्बन्धित निकायले निर्माण गरेको कार्यविधिगत कानून |
| विनियम | ऐन नियमअन्तर्गत विभिन्न संघसंस्थाले निर्माण गरी जारी गर्ने गरेको कार्यविधि |
| परिपत्र | ऐन नियमअन्तर्गत अख्तियार प्राप्त माथिल्लो निकायले आफू मातहतका निकायहरूलाई जारी गरेको आदेश वा निर्णयको जानकारी दिने पत्र |
| अन्तर्राष्ट्रिय कानून | राज्यहरूले सामुहिक रुपमा पारित गरेको अन्तर्राष्ट्रिय सन्धि/सम्झौता |

**ख) कानून र समाजबीचको अर्न्तसम्बन्ध**

व्यक्तिहरूसामूहिक रुपमा एकसाथ बसेको अवस्था नै समाज हो । कानूनले समाजलाई नियमित र व्यवस्थित गर्ने कार्य गर्दछ । अतः कानून र समाज बीच निम्न प्रकारको अन्तर्सम्बन्ध रहेको छ : -

- कानूनले समाजको क्रियाकलापलाई नियमित गर्दछ ।
- कानूनले समाजमा हुने गलत क्रियाकलापलाई रोक्दछ ।
- कानूनले समाजलाई प्रगतिशिल परिवर्तनतर्फ उन्मुख गर्दछ ।
- कानूनले समाजलाई एकजुट गराउँदछ ।
- कानूनले सभ्य समाजको निर्माण गरी सबै व्यक्तिलाई आफ्नो विकासको लागि समान अवसर प्रदान गर्दछ ।
- कानूनले समाजमा रहेका व्यक्तिको अधिकारको संरक्षण गर्दै न्यायमा समान अवसर प्रदान गर्दछ ।

कानूनलाई समाजको ऐना पनि भनिन्छ । किनभने कुनैपनि समयमा बनेको कानूनले तत्कालिन अवस्थाको समाजलाई प्रतिविम्बित गरिरहेको हुन्छ । कानून र सामाजिक परिवर्तनको अन्यान्योश्रित सम्बन्ध रहेको छ । कहिले कानूनले समाज परिवर्तन गर्दछ भने कहिले समाज परिवर्तन अनुरुप कानूनहरूको निर्माण तथा संशोधन हुने गर्दछ । कानून सामाजिक परिवर्तनको पहलकर्ता वा समाहितकर्ता जे भए पनि यसले सामाजिक परिवर्तनलाई वैधानिकता दिन्छ ।

**ग) कानूनको प्रकारहरू**

कानूनलाई विभिन्न आधारहरूमा विभाजन गर्न सकिन्छ । कानूनी दायित्वको प्रकृति अनुसार कानून दुई प्रकारका हुन्छन् :

| देवानी कानून | फौजदारी कानून |
|---|---|
| देवानी कानून भन्नाले सम्पत्ति तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित कानून हो । | फौजदारी कानून भन्नाले अपराध नियन्त्रणसँग सम्बन्धित कानून हो । |
| देवानी कानूनले व्यक्तिको हक अधिकारकोव्यवस्था गर्दछ जस्तैः अंशवण्डा, जग्गा खिचलो, लेनदेन आदि । | फौजदारी कानूनले समाज वा राज्य विरुद्ध गरिएका कार्यहरू जस्तै चोरी, डकैति, ज्यान, जबरजस्ती करणी आदि विषयहरूमा व्यवस्था गर्दछ । |
| सामान्यतयाः देवानी कानून अन्तर्गतका मुद्दामा व्यक्तिवादी भएर चल्दछ । | सामान्यतयाः फौजदारी कानून अन्तर्गतको मुद्दा सरकारवादी भएर चल्दछ । |
| देवानी कानूनको उल्लंघनमा उल्लंघन भएको अधिकारको प्रचलन गराइन्छ । | फौजदारी कानूनको उल्लंघनमा उल्लंघन गर्ने व्यक्तिलाई सजाय हुन्छ । |

फौजदारी प्रकृतिका विवाद पनि दुई किसिमका हुन्छनः ब्यक्तिवादी र सरकारबादी । अनौपचारिक न्यायिक संयन्त्रले विशेषगरी सरकार बादी फौजदारी प्रकृतिका विवाद हेर्न हुदैंन । यस्ता विवादको समाधान केवल औपचारीक संयन्त्रबाट मात्र समाधान हुन सक्छन ।

## सत्र :२ न्यायको अवधारणा



### १. न्यायको अर्थ र परिभाषा

सामान्यतया न्याय भन्नाले सत्य, निष्पक्ष र उचित भन्ने बुझिन्छ। यस अर्थमा पीडितमाथि भएको अन्यायपूर्ण कार्यको न्यायिक परिणाम दिनु वा न्याय दिलाउनु न्याय हो भने अभियुक्तलाई आफ्नो कार्यप्रति जिम्मेवार र दायित्वभागी बनाउनु पनि न्याय हो ।समाजले अवलम्बन गर्ने न्यायिक प्रक्रिया पद्धति, सामाजिक बनोट र कानूनी अवधारणाका आधारमा न्यायको बुझाईमा विविधता हुन सक्दछ। त्यसो हुँदाहुँदै पनिसमाजले अवलम्बन गर्ने कानूनी प्रणालीका आधारमा व्यक्तिले प्राप्त गर्ने सत्य, निष्पक्ष र उचित व्यवहार नै न्याय हो। यहाँनिर हामीले विर्सन नहुने कुरा के हो भने मानव अधिकारको मूल्यर मान्यताको विपरित रहेका धार्मिक परम्पराद्वारा अवलम्बन गरिएका अभ्यासलाई मानव अधिकारसम्बन्धी अवधारणाले स्वीकार गर्दैन ।

**न्यायका प्रकार**

न्याय आफैमा एक गुण भएकाले यसलाई विभिन्न प्रकारमा विभाजन गर्न सरल छैन । तर बुझाईको सरलताका लागि यसलाई विभिन्न आधारमा विभाजन गर्ने गरिएको छ ।सम्पादन गर्ने निकायका हिसावले न्यायलाई औपचारिक र अनौपचारिक न्याय भनिएको छ भने व्यहोर्नु पर्ने दायित्वका आधारमाफौजदारी र देवानी न्याय, व्यापकताका आधारमा राष्ट्रिय न्याय र अन्तर्राष्ट्रिय न्याय, समय-सन्दर्भका आधारमा नियमित न्याय र संक्रमणकालिन न्याय आदिभागमा विभाजन गर्ने गरेको पाइन्छ । त्यसैगरी विषयवस्तुका हिसावले लैङ्गिक न्याय, बाल न्याय आदि भागमा पनि न्यायलाई विभाजन गर्ने गरेको पाइन्छ ।

### २. प्राकृतिक न्याय

प्राकृतिक न्याय न्याय प्रशासनको अत्यन्त महत्वपूर्ण पक्ष हो । प्राकृतिक न्यायले विशेष गरी न्यायको निष्पक्षता र शुद्धतालाई समेटेको हुनाले यसलाई न्याय प्रशासनको मुटु पनि मान्ने गरिन्छ ।

औपचारिक वा अनौपचारिक जुनसुकै प्रकारको निकाय भए पनि विवाद समाधानका क्षणमा अति नै सूक्ष्म तवरले ध्यान दिनु पर्ने र पालना गरिनु पर्ने कार्यविधि प्राकृतिक न्यायको सिद्धान्तसँग जोडिएका छन् । यस सिद्धान्तका दुई मूलभूत तत्वहरू रहेका छन् - आफ्नो मुद्दा आफैले हेर्नु हुँदैन भन्ने र

एक पक्षलाई मात्र सुनेर निर्णय गर्नु हुँदैन भन्ने । यी कुराहरू संक्षिप्त देखिएता पनि तिनीहरूको अर्थ र क्षेत्र ज्यादै व्यापक छ ।

प्राकृतिक न्यायका मुख्य सिद्धान्तहरू दुईवटा रहेका छनः *आफ्नो कुरा आफैले हेर्नु हुँदैन*भन्ने र *दुवै पक्षको सुनुवाई नगरी दोषी ठहर गर्नु हुदैन* भन्ने ।

**आफ्नो कुरा आफैले हेर्नु हुँदैन**

यहाँ "आफ्नो" शब्दको अर्थ ज्यादै व्यापक छ । आफ्नो भन्नाले आफ्नो नाता सम्बन्ध भएको व्यक्तिको, आफुले कुनै दायित्व ठानेर वहन गर्नुपर्ने कर्तव्य भएको अवस्थाको, गैरकानूनी लेनदेन गरी वा अन्य कुनै अनुचित प्रभावमा परी कार्य गर्नुपर्ने अवस्थाको र आफुसँग सत्रुतापूर्ण सम्बन्ध भएको अवस्थालाई समेत यस सिद्धान्तले समेटेको छ । यसको अर्थ के हो भने त्यस्तो अवस्था रहेको खण्डमा वा निजको पनि स्वार्थ गाँसिएको विषय भएमा निर्णयकर्ता न्याय र सद्विवेकबाट विचलित हुन पुग्दछ र उसको निर्णय त्रुटीपूर्ण हुन जान्छ ।

मुलुकी ऐन २०२० को अ.वं. ३० नं. ले पनि केही हदसम्म आत्मसात गरेको छ । जसअनुसार देहायको नाताको मुद्दा हेर्नु हुँदैन - (क) आफ्ना हाडमा अपुताली परे खान पाउने नाता, (ख) मामा-माइज्यू (ग) सानी-ठुली आमा (घ) सानो-ठूलो बाबु (ङ) सासू ससुरा (च) फुपू-फुपाजु (छ) जेठो साला (ज) मीत (झ) आफ्नी दिदी, बहिनी, छोरी र यिनै दिएका ज्वाइँ (ञ) भानिज, भन्जी, बुहारी ( ट) आमाका बाबु वा आमा -मावलका हजुरबुबा, हजुरआमा) (ठ) मन्त्र सुनाउने गुरुगुरुमा (ड) मन्त्र सुनाएका शिष्य-शिष्या (ढ) आफूले लेनदेन कारोवार गरेको मानिस (ण) नोकरचाक (त) झगडिया र (थ) उल्लेख भएका (क) देखि (त) सम्म लेखिएका मासिनका एकाघरसँग सगोलमा बसेका जहान ।

उपर्युक्त नाता सम्बन्धको सुनी केवल पुरुष मात्र न्यायाधीश हुन सक्छन् भन्ने सोच राखी तर्जुमा गरिएको हुँदा महिला न्यायाधीश भएको अवस्थामा नन्द, आमाजु, देवर, जेठाजु, जेठानी, देउरानी लगायतका नालका व्यक्तिको मुद्दा पनि हेरिनु हुँदैन भन्ने रचनात्मक व्याख्या नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को पुलिङ्गले स्त्रीलिङ्गलाई पनि जनाउँछ भन्ने मान्यताका आधारमा गर्नुपर्ने अवस्था देखिन्छ ।

यस्तो अवस्थामा पेशा नाता वा सम्बन्ध नपर्ने अर्को निकाय वा अधिकारीबाट सो विषय निर्णय हुनु पर्दछ भन्ने स्पष्ट कानूनी मान्यता रहेको छ ।

तसर्थ अनौपचारिक संयन्त्रहरूले पनि स्वच्छ, निष्पक्ष न्याय प्रदान गर्न प्राकृतिक न्यायका सिद्धान्तको अवलम्बन गर्नु आवश्यक हुन्छ । प्राकृतिक न्यायको सिद्धान्त अवलम्बन गरिंदा व्यक्तिका आधारभूत अधिकारहरूको सम्मान हुनुको साथै न्यायलाई निष्पक्ष बनाउन समेत सहयोग पुग्दछ ।

प्राकृतिक न्यायका सिद्धान्तहरूलाई विस्तृत अर्थमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

प्राकृतिक न्यायका सिद्धान्तभित्र विशेष गरी निम्न विषयहरू समेटिएका हुन्छन् ।

(क) पूर्वाग्रह विरुद्धको सिद्धान्त

(ख) स्वच्छ सुनुवाईको सिद्धान्त

(ग) निर्णयका आधार र कारण खोल्नु पर्ने सिद्धान्त,

(घ) पुनरावेदनको अधिकारको सिद्धान्त

**(क) पूर्वाग्रह विरुद्धको सिद्धान्त :**

यो सिद्धान्तले न्याय प्रदान गर्ने व्यक्तिसंग विवादका कुनै पनि पक्षसँग जोडिएका कुनै पनि विषयमा निजको व्यक्तिगत स्वार्थ गाँसिएको हुनुहुँदैन भन्ने कुरालाई जोड दिएको छ । यस सिद्धान्तले न्याय प्रवाहकर्तालाई विवादबाट अलग राखि स्वच्छ र निष्पक्ष न्याय प्रदान गर्ने सतर्क र सचेत तुल्याएको हुन्छ । विशेष गरी न्याय प्रवाहकर्ता निम्न कारणबाट प्रभावित वा पूर्वाग्रही बन्न सक्ने अवस्था रहन सक्छः

- निर्णयाधीन विषय वस्तुमा आफनो स्वार्थ गाँसिएको कारणले ।
- मित्रता, सत्रुता, पारिवारिक र व्यवसायिक सम्बन्ध जस्ता व्यक्तिगत नाताका कारणले
- विवादित विषयवस्तुमा आफनो विभागीय संलग्नताको कारणले ।

**(ख) स्वच्छ सुनुवाईका सिद्धान्त :**

निर्णयकर्ताले विवादसँग जोडिएका पक्ष वा विपक्षको भनाइ वा विचारलाई निर्णयको सिलसिलामा उचित कदर गर्नुका साथै निर्णय प्रक्रिया, पद्धति र प्रवाहमा उनीहरूको निम्न अधिकारलाई सुनिश्चित गरेको हुनुपर्छ :

१. **सूचनाको अधिकार** : पक्ष वा विपक्षलाई विवादसँग सम्बन्धित विषयमा जानकारी दिनुपर्छ। साथै पक्षहरूले आफ्नो कुरा राख्ने अधिकारलाई सुनिश्चित गरिनु पर्दछ। कुनै बिवाद आइसकेपछि विवादको अर्को पक्षलाई सो विषयमा जानकारी दिनु पर्दछ । उदाहरणको लागी अदालतबाट जारी हुने समाह्वान, इतलायनामा र अन्य सूचनाहरूलाई लिन सकिन्छ ।

२. **सुनुवाईको अधिकार** : यस अधिकार अन्तर्गत विवादका पक्षहरूलाई आफ्नो कुरा राख्ने र आफू विरुद्धको आरोपको खण्डन गर्ने अधिकारलाई सुनिश्चित गर्नुपर्दछ। यसले विवादका दुवै पक्षको कुरा सुनी तथ्यको यथार्थ जानकारी लिन सहयोग पुऱ्याउनुको साथै निर्णयनिष्पक्ष बनाउन सहयोग पुऱ्याउँदछ ।

३. **कानूनी परामर्शको अधिकारः** पक्षले आफुले रोजेको कानून व्यवसायीसँग परामर्श गर्न पाउने अधिकारको सुनिश्चित गर्ने कुरालाई यसले समेटेको हुन्छ। साथै आर्थिक रुपले कमजोर वर्गलाई निःशुल्क कानून सहायता प्राप्त गर्ने अधिकार समेत यस सिद्धान्त अन्तर्गत पर्दछ।

४. **प्रमाणको प्रस्तुति र खण्डन** : आफ्नो दावी पुष्टि गर्ने प्रमाण पेश गर्ने वा आफु उपरको आरोपको खण्डनका लागि उपयुक्त प्रमाण पेश गर्न पाउने अधिकारलाई यस विषयले

समेटेको हुन्छ। कुनै पनि दावी वा खण्डनको प्रमाणित गर्ने वा पुष्टि गर्ने आधार भनेकै प्रमाण हुने भएकोले पक्षलाई आफ्नो प्रमाण पेश गर्ने मौका प्रदान गर्नु पर्दछ । स्वच्छ एवं निस्पक्ष न्याय गर्नको लागी विवाद संग सम्बन्धीत प्रमाण भुमिका खेल्दछ । न्याय कर्तालाई विवादको सत्य तथ्य पत्तालगाउन प्रमाणले सहयोग पुऱ्याउँछ ।

**(ग) निर्णयमा आधार र कारण खोल्नु पर्ने सिद्धान्तः**

यस सिद्धान्तले विशेष गरी निर्णयकर्तालाई स्वेच्छाचारी निर्णय गर्नबाट रोक्ने र निर्णयको वस्तुगत आधार खुलाउनु पर्ने कुरालाई जोड दिएको हुन्छ। यस सिद्धान्तमा मुद्दाको हार्ने र जित्ने पक्षले आफूले हार्नु र जित्नुको कारण थाहा पाउनु पर्छ भन्ने मान्यता राखेको हुन्छ। त्यसैगरी यस सिद्धान्तले निर्णयकर्ताको स्वेच्छाचारिता र अधिकारको दुरुपयोग नियन्त्रण गर्दछ भने व्यक्तिगत पूर्वाग्रह र पक्षपातपूर्ण व्यवहार वा आधारमा निर्णय गर्नबाट रोक्दछ। तसर्थ निर्णयमा आधार र प्रमाण खोल्दा कानूनको विश्लेषण, स्वतन्त्र र तटस्थ गरेको देखिनु, कानूनको उचित प्रक्रियाको पालना तथा उचित र पर्याप्त आधार देखिनु पर्छ।

**प्राकृतिक न्याय सम्बन्धी कानूनी व्यवस्थाहरू :**


प्राकृतिक न्यायको सिद्धान्तका सन्दर्भमा नेपालका कानूनी व्यवस्थाहरूले पनि आत्मसात गरेको छ जस्तैः विवादको सुनुवाई खुला इजलासमा गरिनु पर्ने, आफ्नो नाता सम्बन्धको मुद्दा हेर्न नहुने, मुद्दाको पक्षलाई आफू विरुद्ध वा आफुसँग सम्बन्धित विषयको सूचना (समावहान, इतलायनामा, म्याद सूचना) दिनु पर्ने, प्रतिवादीलाई अभियोगका सबै कागज सुनाई बुझाई प्रमाण पेश गर्ने मौका वा प्रतिवाद गर्ने मौका दिने, बेरितसँग थुनामा राख्दा निजलाई खानापिन र सिदा दिनु पर्ने, कानून अनुसारको पुनराबेदन गर्न पाउने जस्ता कानूनी व्यवस्थाहरू रहेका छन्।

## ३. न्यायमा पहुँचका आधारभूत तत्वहरू

न्याय व्यक्तिको नैसर्गिक अधिकार हो। आफूलाई परेको मर्का वा अधिकारको प्रचलनको लागि खोजी गर्ने अधिकार प्रत्येक व्यक्तिसँग रहेको हुन्छ । यस्तो उचित उपचारको खोजीगर्ने, त्यस्तो उपचार सक्षम निकायबाट प्राप्त गर्ने अधिकार पनि व्यक्तिको न्यायिक अधिकारभित्र समेटिएको हुन्छ । न्यायिक उपचार औपचारिक र अनौपचारिक निकायबाट प्रवाह हुने गरेको पाइन्छ । न्यायिक उपचारको खोजीगर्ने र प्राप्त गर्न पाउने पर्याप्त कानूनी एवं संस्थागत संयन्त्रको व्यवस्था र ती संयन्त्रमा सर्वसुलभ, सहज एवं पहुँच योग्यता, ती संयन्त्रबाट प्रदान गरिने सेवा सन्तुष्टि मापनबाट न्यायमा सेवाग्राहीको पहुँचको मापन हुने गर्दछ ।

न्यायमा पहुँच भन्नाले नागरिकले न्याय तथा आधारभूत मानव अधिकारको मापदण्डको आधारमा औपचारिक वा अनौपचारिक निकायबाट न्यायको खोजीगर्ने र प्राप्त गर्न सकिने अवस्थालाई बुझाउँछ। सरल भाषामा भन्दा अन्यायमा परेको कुनै पनि व्यक्ति वा कानूनी अधिकारको प्रचलनको लागि सरल सर्वसुलभ, सहज रुपमा औपचारिक वा अनौपचारिक न्यायिक संयन्त्रबाट न्यायको खोजीगर्ने र प्राप्त गर्न सकिने अवस्थालाई न्याय पहुँचको रुपमा बुझिन्छ। व्यक्तिको न्यायमा पहुँच विशेष गरी आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको न्याय प्राप्त गर्ने संयन्त्रको भौगोलिक दुरी, त्यस्तो संयन्त्र रहेको लैङ्गिक, भाषिक एवं सामाजिक वातावरण तथा ति संयन्त्रबाट प्रदान गरिने सेवाको छिटोछरितो एवं सक्षमता बाट प्रभावित हुन्छ।

न्यायको पहुँच सुनिश्चित गर्ने सम्बन्धमा विभिन्न तत्वहरूको भूमिका खेलेको हुन्छन्। ती तत्वहरू निम्न रहेका छन्:




### UNDP द्वारा प्रस्तुत न्यायमा पहुँचका आधारभुत तत्वहरू

१. **कानूनी संयन्त्रको व्यवस्था** : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले व्यक्तिका विविध अधिकार प्रदान गरेको हुन्छ साथै ति अधिकार उल्लंघन भएको अवस्थामा उपचारको व्यवस्था समेत गरेको हुन्छ। त्यस्तो उपचार प्राप्त गर्ने कार्यविधि, प्रक्रिया र संयन्त्रको कानूनद्वारा निर्धारण गरिएको हुन्छ। तसर्थ सबै व्यक्ति तथा नागरिकलाई उपचार प्राप्त गर्ने समान कानूनी व्यवस्था गरिएको हुनुपर्दछ।

साथै त्यस्तो कानूनी संयन्त्रमा आम नागरिकको इच्छा वा चाहना अभिव्यक्ति भएको हुनुपर्दछ । त्यस्तो कानूनी संयन्त्र सबैले बुझ्ने सरल भाषामा प्राप्त हुनुपर्दछ । भनिन्छ कानूनको अनभिज्ञता क्षम्य हुँदैन । तसर्थ न्यायमा पहुँचको सुनिश्चितता गराउन विभिन्न समुदाय जातजातिका भावनालाई राज्यका कानूनले सम्बोधन गर्न सक्नुपर्दछ ।

२. **कानूनी सचेतना :** समाजमा शान्ति र सुव्यवस्था कायम गर्न र न्यायपूर्ण समाजको निर्माण गर्न कानूनको आवश्यक हुन्छ । कानूनले नै व्यक्तिका अधिकार सुनिश्चित गर्ने तथा अधिकार उल्लंघन भएको अवस्थामा उपचारको खोजी गर्ने र प्राप्त गर्ने अधिकार समेत सुनिश्चित गर्ने भएकोले, त्यस्तो कानूनको बारेमा सबै नागरिकलाई जानकारी हुनु आवश्यक हुन्छ । व्यक्तिले गरेको काम, कारवाही तथा गल्तीले कानूनको विरुद्ध भएमा सजाय एवम् कारवाही हुने भएकोले पनि कानूनको बारेमा जानकारी प्राप्त गर्नु उसको अधिकार हुन्छ । नेपालको अन्तरिम संविधानमा न्यायिक हकलाई मौलिक हकभित्र समावेश गरिएको छ । साथै कुनै पनि व्यक्ति उपर कारवाहीको जानकारी प्राप्त गर्ने हक हुने व्यवस्था समेतगरेको छ । तसर्थ कानूनको बारेमा आम नागरिकमा जानकारीको स्थितिले पनि न्यायिक खोजीगर्ने कुराको निक्यौंल गर्ने भएको न्यायिक पहुँच सुनिश्चित गर्न कानूनको बारेमा सचेतना आवश्यक हुन्छ ।

३. **न्यायिक सेवा प्रदान गर्ने संयन्त्र :** न्याय प्राप्त गर्ने औपचारिक र अनौपचारिक संयन्त्रको व्यवस्था गरिएको हुन्छ । विशेष गरी राज्यद्वारा स्थापित न्यायिक वा अर्धन्यायिक निकायमा व्यक्तिको पहुँच के कस्तो छ भन्ने कुराले न्यायमा पहुँचको निर्धारण गरेको हुन्छ । यसभित्र निम्न कुराले महत्वपूर्ण भूमिका खेल्दछ ।

**क**) **न्यायिक निकायको उपस्थिति** : नागरिक जस्तोसुकै दुर्गम ठाउँमा रहे बसेको भए पनि न्याय प्राप्त गर्ने हक राख्दछन् तर न्यायिक निकायमा जान आउन निकै टाढा भएको अवस्थामा व्यक्तिले न्यायिक उपचारको खोजी नगरी अन्याय सही बस्न सक्ने अवस्था हुन्छ । साथै ती संयन्त्रमा सेवाग्राही प्रति गरिने व्यवहारले पनि न्याय खोजी गर्ने कुरालाई प्रभावित पारेको हुन्छ । तसर्थ न्यायको खोजी गर्ने व्यक्ति र न्यायिक निकायको भौगोलिक दुरी र अवस्थितिले पनि न्यायमा पहुँच छ छैन भन्ने कुराको निर्धारण गर्दछ ।

**ख**) **सेवा शुल्कः** न्याय प्राप्त गर्ने सन्दर्भमा लाग्ने खर्चले पनि व्यक्तिको न्यायिक उपचारको खोजी गर्ने नगर्ने भन्ने कुराको निर्धारण गर्दछ । तसर्थ सेवा सर्वसुलभ नभएको अवस्थामा आम नागरिक तथा व्यक्तिको न्यायमा पहुँच नपुग्ने अवस्था रहन्छ । उदाहरणको लागि दुर्गम क्षेत्रको आर्थिक रुपले कमजोर व्यक्तिको न्यून मूल्यको जग्गा टाठो बाठोले मिचेको वा खिचोला गरेको अवस्थामा हालको न्याय प्रणालीबाट जिल्ला अदालत हुँदै सर्वोच्च अदालतसम्म पुग्नु पर्ने अवस्था आएमा सो व्यक्तिले मिचिएको जग्गाको मूल्य भन्दा निकै बढी न्यायिक उपचारको खोजीमै खर्च गर्नु पर्ने अवस्था आउँछ । तसर्थ सेवाको मुल्यले पनि यसमा प्रभाव पार्दछ ।

**ग**) **सेवामा सम्वेदनशीलता** : न्यायिक उपचारको खोजीको लागि विभिन्न धर्म, सम्प्रदाय, जात, जाति, महिला, पुरुष गरीब धनी सबै वर्गका आउने गर्दछन् । तसर्थ कुनै पनि सेवाग्रहीको आत्मसम्मानमा ठेस पुऱ्याउने गरी सेवा प्रवाह गरिनु हुँदैन । त्यसैगरी सेवा प्राप्त गर्न, जघन्य

अपराधका अपराधीदेखि अत्यन्त अन्यायमा परेका पीडित महिलासमेत हुने भएकोले सेवाको संवेदननशीलताले पनि न्यायमा पहुँच पुऱ्याउने कुरामा महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

घ) स्थानीय गाउले अगुवा, समाजसेवी, पारालिगल जस्ताअनौपचारिक क्षेत्र, अनौपचारिक न्यायिक निकायले पनि न्याय प्रवाहमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । यस्ता निकायमा पनि प्रत्येक व्यक्तिको पहुँच सुनिश्चित हुनु आवश्यक छ ।

४. **प्रभावकारी न्याय प्रशासन :** भनिन्छ ढिलो न्याय दिनु न्याय दिनबाट इन्कारी गर्नु हो । तसर्थ न्याय प्रदान गर्ने कार्य छिटो छरितो हुनुपर्दछ । कुनै सानोतिनो विवादमा वा अन्यायमा न्यायको लागि वर्षौं पर्खिर्नु पर्ने अवस्था आएमा व्यक्तिले स्वाभाविक रुपमा न्यायको खोजी नगरी अन्याय सहनु उचित ठान्दछ । साथै न्याय प्राप्त गर्ने प्रक्रिया जटिल, ढिलासुस्ती भएमा व्यक्तिको न्यायमा पहुँच सुनिश्चित हुन सक्दैन तसर्थ प्रभावकारी न्याय प्रशासन पनि न्यायमा पहुँचको अनिवार्य तत्व हो ।

५. **लैङ्गिक मैत्री वातावरण** : न्यायमा पहुँचको अर्को महत्वपूर्ण तत्व लैङ्गिक मैत्री वातावरण हो । यसले न्याय प्रदान गर्ने औपचारिक र अनौपचारिक संयन्त्रमा रहेको विभिन्न लैङ्गिक समुदायका व्यक्तिलाई ती संयन्त्रमा रहेका व्यक्तिका अतिरिक्त समग्र समाजले के कसरी लिन्छ भन्ने कुरा दर्शाउछ । न्याय प्रदान गर्ने संयन्त्रमा महिला र पुरुषको उपस्थिति, लैङ्गिक न्यायको अवलम्बन, महिला र पुरुष दुवैको आत्मसम्मान हुने भाषाको प्रयोग, सामान्यतया जबरजस्ती करणी, यौन दुर्व्यवहार, मानव बेचबिखन, घरेलु हिंसा अपराधमा महिला नै पीडित हुने भएकोले उनीहरू आफ्नो कुराहरू स्वतन्त्र र निर्भिक तवरबाट राख्न सक्ने लगायतको समग्र वातावरण लैङ्गिक वातावरण हो । तसर्थ लैङ्गिक मैत्री वातावरण तथा न्यायमा पहुँचको आधारभूत तत्व हो ।

६. **फैसलाको कार्यान्वयन :** समग्र न्यायिक प्रक्रिया अन्तिम र मूर्त रुप भनेको सक्षम निकायबाट भएको फैसलाको कार्यान्वयन हो । कुनै पनि निकायले गरेको निर्णय कार्यान्वयन भएन भने त्यसको कुनै अर्थ रहँदैन । यदि कुनै विवादमा न्यायिक निकायबाट गरिएको फैसला कार्यान्वयन भएन भने त्यस्तो निकाय प्रति जनविश्वास रहँदैन । तसर्थ फैसलाको कार्यान्वयन पनि न्याय पहुँच सुनिश्चित गर्ने महत्वपूर्ण तथ्य हो ।

## सत्र:३ : विद्यमान न्याय प्रणाली

### १. औपचारिक तथा अनौपचारिक न्याय प्रणालीसम्बन्धी सामान्य परिचय

राज्य व्यवस्था सञ्चालनमा न्याय प्रणालीको भूमिका अत्यन्त महत्वपूर्ण रहेको हुन्छ। समाजमा शान्ति र सुव्यवस्था कायम गर्न न्याय प्रशासनले महत्वपूर्ण भूमिकाको साथै आधारभूत सूत्रको रुपमा रहेको हुन्छ। संसारभरिनै यस प्रकारको न्याय प्रशासन सञ्चालन गर्ने माध्यमको रुपमा दुई किसिमका न्याय प्रणालीहरू विद्यमान रहेको पाइन्छ। यी दुई न्याय प्रणालीहरूमा औपचारिक र अनौपचारिक रुपमा स्थापित र सञ्चालित भएका हुन्छन्। औपचारिक न्याय प्रणाली राज्यद्वारा सञ्चालन गरिएको हुन्छ। यो प्रणाली निश्चित कानूनी मापदण्ड वा सिद्धान्तका आधारमा सञ्चालित र क्रियाशील रहेको हुन्छ भने अनौपचारिक संयन्त्रभित्र विकासमूलक संस्थाद्वारा स्थापित वा सहयोग प्राप्त निकायहरू जस्तै पारालिगल, मेलमिलाप तथा परम्परागत रुपमा विवादहरूको निरुपण गर्ने समुदाय, जातिय अगुवाहरू जस्ता संयन्त्रहरू क्रियाशील रहेको पाइन्छ।

औपचारिक संयन्त्रभित्र विशेष गरी सामान्य अदालतीय प्रणाली र अर्धन्यायिक निकायहरू क्रियाशील रहेका हुन्छन्। अनौपचारिक संयन्त्रभित्र दुई किसिमका छनः परम्परागत जसमा समुदायको अगुवा, जायित अगुवा, धार्मिक नेताहरू, विकसमुलक संस्था द्वारा स्थापित जस्तै पारालिगल,मेलमिलाप समुहहरू क्रियाशील रहेका हुन्छन्।

### २. औपचारिक न्याय प्रणाली


#### क) सामान्य अदालत र विशेष अदालत

सामान्यतयाः सबै प्रकृतिका विवादहरू समाधान गर्न राज्यका कानूनद्वारा स्थापित नियमित अदालतहरू सामान्य अदालत हुन जस्तैः सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत। त्यसैगरी कुनै विशेष प्रकृतिका विवादहरूको निरुपणका लागि कानूनद्वारा स्थापित अदालतहरूलाई विशेष अदालतको रुपमा बुझिन्छ। यी अदालतहरूले हेर्न सक्ने मुद्दाको सम्बन्धमा कानूनमा नै स्पष्ट तोकिएको हन्छ। जस्तैः भ्रष्टाचारसम्बन्धी कसुर, मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित अपराध लगायतका विवादहरू।

***सामान्य अदालत***

नेपालको अन्तरिम संविधानले नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट सम्पादन गरिने कुरालाई उल्लेखित गरिएको छ अर्थात् नेपालको न्याय प्रशासन अदालतद्वारा संचालित हुने कुरालाई जोड दिइएको छ।

नेपालमा सामान्य अदालत संरचना निम्न रहेका छन् :




**सर्वोच्च अदालतः** न्यायिक निकायको सबैभन्दा माथिल्लो तहको अदालत सर्वोच्च अदालत हो । साथै यस अदालतलाई अभिलेख अदालत पनि भनिन्छ । संविधानसभासम्बन्धी अदालत बाहेक नेपालका अन्य सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालतका मातहतमा रहेका हुन्छन् । यस अदालतको साधारण र असाधारण अधिकार क्षेत्र रहेको हुन्छ । साधारण अधिकार क्षेत्र अन्तर्गत आफ्नो मातहतको अदालतको निर्णय उपर पुनरावेदन सुन्ने, साधक जाँच्ने, शुरु क्षेत्राधिकार अन्तर्गत मुद्दाको सुनुवाई गर्ने लगायतका अधिकारहरू पर्दछन् भने असाधारण क्षेत्र अन्तर्गत संविधानसँग बाझिएका कानूनहरूको न्यायिक पुनरावलोकन गर्ने तथा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि अर्को उपचारको व्यवस्था नभएको वा त्यस्तो उपचारको व्यवस्था प्रभावकारी नभएको अवस्थामा सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्रको माध्यमबाट उत्प्रेषण, परमादेश, प्रतिषेध अधिकारपृच्छा लगायतका आदेशहरू जारी गर्न सक्ने अधिकार रहेको हुन्छ ।,

यस अदालतले आफ्नो मातहतका अदालत र न्यायिक निकायको निरिक्षण एवम् सुपरीवेक्षण गर्न र ती अदालत तथा न्यायिक निकायहरूलाई आवश्यक निर्देशन दिन सक्दछ । यस अदालतले आफ्नो र मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारवाही चलाई कानून बमोजिमको सजाय गर्न सक्दछ ।

**पुनरावेदन अदालत** : यो अदालतले शुरु तहको अदालत वा अर्धन्यायिक निकायको निर्णय उपर पुनरावेदन सुन्ने तथा कानुद्वारा तोकिएको विवादमा शुरु क्षेत्राधिकारको प्रयोग गरी विवादको निरुपण गर्ने कार्य गर्दछ। नेपालमा १६ वटा पुनरावेदन अदालतहरू देशका विभिन्न १६ स्थानहरूमा रहेका छन्।[1] यी अदालतहरूले आ-आफ्नो भौगोलिक क्षेत्राधिकारभित्रका अदालत वा अर्धन्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुनी त्रुटीलाई सच्याउने तथा निष्पक्ष न्याय प्रदान गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्दछन।

**जिल्ला अदालत** : यो अदालत विवादको सुनुवाई गर्ने शुरु तहको अदालत हो। यस अदालतले कानूनद्वारा अन्य कुनै निकायद्वारा समाधान गरिने स्पष्ट व्यवस्था गरिएकोमा बाहेक सबै किसिमका विवादहरूको निरुपण गर्ने कार्य गर्दछ अर्थात् यी अदालतले देवानी, फौजदारी सबै प्रकृतिका विवादहरू सुनुवाई तथा न्यायिक निरुपण गर्ने कार्य गर्दछ। नेपालमा यस प्रकारका अदालतहरू ७५ वटै जिल्लामा रहेका छन्।

यी अदालतहरूले विवादको सुनुवाई गर्दा कानून तथा न्यायका मान्य सिद्धान्तद्वारा स्थापित कार्यविधिको अवलम्बन गरेका हुन्छन्। यी अदालतहरूले विवाद समाधान गर्दा सामान्य तथा संक्षिप्त कार्यविधि अवलम्वन गर्दछन।

**विशेष अदालत** : नेपालको अन्तरिम संविधान, २०६३ ले खास किसिम र प्रकृतिका मुद्दाहरूको कारवाही र किनारा गर्न कानूनद्वारा अन्य अदालत न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था गरेको छ। साथै विशेष अदालतसम्बन्धी ऐन, २०५९ ले कानूनद्वारा तोकिएका मुद्दाहरूको सुनुवाई गर्नका लागि विशेष अदालतको गठन गर्न सकिने व्यवस्था गरेको छ। सोही अनुसार नेपालमा विशेष अदालत, राजस्व न्यायधिकरण, श्रम अदालत, प्रकाशकीय अदालत आदि विशेष प्रकृतिका अदालतहरूको रुपमा कार्यरत रहेका छन्।

विशेष अदालत गठनको उद्देश्य विशेष प्रकृतिका मुद्दाहरूमा छिटो छरितो कारवाही गरी अपराधीलाई दण्डित गर्नु र पीडितलाई न्याय दिनु रहेको हुन्छ। साथै यस प्रकृतिका अदालतहरूमा खास किसिमको विशेषज्ञता भएका व्यक्तिहरूको उपस्थिति रहने भएको कारणले पनि पीडितले सहज रुपमा न्याय प्राप्त गर्न सक्दछन् भन्ने मान्यता रहेको छ। त्यसैगरी राजस्व न्यायधिकरणले राजस्वसँग सम्बन्धित विवादहरूको निरुपण गर्दछ। राजस्वसँग सम्बन्धित विवाद निरुपणका लागि खास किसिमका दक्षता र विशेषज्ञता आवश्यक पर्ने भएकोले पनि यस प्रकारका न्यायधिकरणको गठन गर्ने प्रचलन रहेको छ। नेपालमा ४ वटा राजश्व न्यायाधिकरण (पुनरावेदन क्षेत्राधिकार) अदालतहरूको गठन गरिएको छ।

**श्रम अदालत:** यस अदालतले श्रमसँग सम्बन्धित विवादहरूको पुनरावेदन सुन्ने कार्य गर्दछ। श्रम कार्यालयले गरेको निर्णयउपर श्रम अदालतमा पुनरावेदन लाग्दछ। साथै कानूनद्वारा तोकिएको अवस्थामा शुरु क्षेत्राधिकारको अवलम्बन गरी विवादको निरुपण गर्ने कार्य गर्दछ।

**प्रशासकीय अदालत** : यस अदालतले निजामती कर्मचारीमाथि भएको विभागीय कारवाहीको आदेश उपर पुनरावेदन सुन्ने कार्य गर्दछ।

[1]ती ठाउँहरूमा इलाम, विराटनगर, धनकुटा, राजविराज, जनकपुर, हेटौडा, पाटन, पोखरा, बुटवल, वाग्लुङ, तुल्सीपुर, नेपालगञ्ज, सुर्खेत, जुम्ला, दिपायल र महेन्द्रनगर रहेका छन।

**वैदेशिक रोजगार न्यायाधिकरण:** वैदेशिक रोजगारसँग सम्बन्धित विवादहरूको समाधान गर्नका लागि वैदेशिक रोजगार ऐन, २०६३ अन्तर्गत यस न्यायाधिकरणको गठन गरिएको छ । यस न्यायधिकरणले बैदेशिक रोजगारमा हुने ठगी तथा अन्य मुद्दाहरू हेर्ने कार्य गर्दछ ।

**ख) अर्धन्यायिक निकाय**

प्रशासकिय अधिकार प्रयोग गर्ने सरकारी संयन्त्रहरूले केही न्यायिक अधिकारको समेत प्रयोग गर्न पाउने प्रचलन प्रायः सबै मुलुकहरूमा रहेको पाइन्छ । न्यायिक अधिकारको समेत प्रयोग गर्न पाउने प्रशासकिय संयन्त्रलाई अर्धन्यायिक निकाय भनिन्छ । नेपालमा पनि विभिन्न प्रशासकिय संयन्त्रलाई केही न्यायिक अधिकार प्रदान गरिएको छ । त्यस्ता अर्धन्यायिक संयन्त्रहरू निम्न रहेका छन् :

- गृह प्रशासनअन्तर्गत : प्रमुख जिल्ला अधिकारी, अध्यागमन विभाग आदि
- भूमि प्रशासनअन्तर्गत : मालपोत अधिकृत, भूमिसुधार अधिकृत नापी अधिकृत, गुठी संस्थान आदि ।
- राजस्व प्रशासनअन्तर्गत : आन्तरिक राजश्वका महानिर्देशक, भन्सार अधिकृत, राजस्व अधिकृत आदि ।
- वन प्रशासनअन्तर्गत : जिल्ला वन अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालयका प्रमुख संरक्षण अधिकृत आदि ।
- स्थानीय निकाय अन्तर्गत : जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति
- श्रम प्रशासन अन्तर्गत : श्रम अधिकृत, ।

**ग) औपचारिक न्यायिक प्रक्रियासँग सम्बन्धी अन्य निकायहरू (सरकारी वकिल, कानून व्यवसायी, प्रहरी आदि)**

औपचारिक न्याय प्रणालीबाट न्याय प्रदान गर्ने सिलसिलामा विभिन्न निकायहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । ती निकायहरू मुद्दाको काम कारवाहीमा अनुसन्धान गर्ने, अभियोजन गर्ने, फिरादपत्र दर्ता गर्ने, मुद्दाको प्रतिरक्षा तथा वहस पैरवी गर्ने लगायतका कार्यहरू गर्दछन् । न्याय प्रशासनको महत्वपूर्ण पक्ष वा सिद्धान्त भनेको पीडितलाई न्याय दिलाउन र पीडकलाई कारवाही गर्नु रहेको हुन्छ ।

यी संयन्त्रहरूमा विशेष गरी फौजदारी प्रकृतिका अपराधको अनुसन्धान गर्ने कार्य प्रहरीको रहेको हुन्छ । प्रहरीले विशेष गरी प्रहरी ऐन तथा सरकारी मुद्दासम्बन्धी ऐन तथा नियमावलीद्वारा प्रदत्त अधिकारअन्तर्गत अपराधको अनुसन्धान, तहकिकात गरी तथ्य पत्ता लगाउने कार्य गर्दछ । सरकारी वकिलले प्रहरीद्वारा अनुसन्धान गरी पत्ता लगाएका तथ्यका आधारमा अपराधको अभियोजन गर्ने कार्य गर्दछ । यसैगरी अन्य कानून व्यवसायीले अन्यायमा परेको व्यक्तिको कानूनी प्रतिनिधित्व गर्नुका साथै कानूनी कारवाहीको लागि फिरादपत्र दर्ता गर्ने पक्षको प्रतिरक्षा गर्ने, वहस पैरवी गर्ने लगायतका कार्य गर्दछ ।

**घ) अदालत प्रेशित मेलमिलाप**

विवादको स्थायी समाधान पक्षहरूका बीचमा विवादका विषयमा मेलमिलाप हुनु वा गराउनु हो । अर्थात् मेलमिलाप न्यायको महत्वपूर्ण पक्ष हो । अदालती प्रक्रियाबाट न्यायिक निरुपण गर्दा कतिपय अवस्थामा वास्तविक न्याय नपरेको अवस्था पनि हुन सक्दछ । यस कारणले विवादको स्थायी समाधान नभएको हुन पनि सक्दछ । तर मेलमिलापले विवादको विषय सदाका लागि अन्त्य हुन्छ । तसर्थ विवादको निरुपणको लागि मेलमिलाप महत्वपूर्ण विकल्प हो ।



नेपालमा पक्षहरूका बीचमा मेलमिलाप गराउने प्रचलन निकै पुरानो भए पनि अदालतद्वारा नै मेलमिलापका लागि पठाउने प्रक्रियाको शुरुवात केही समय अगाडी देखि मात्र भएको थियो । दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेश भएका मुद्दामा सुनुवाई हुनु अगावै मिलापत्र गर्ने समय पाउँ भनी दुवै पक्षले संयुक्त निवेदन दिएमा वा मुद्दाको सुनुवाई शुरु भई वहस, छलफल भै सकेपछि पनि मिलापत्र हुन सक्ने सम्भावना छ भन्ने मुद्दा हेर्ने न्यायाधीशलाई लागेमा मिलापत्र गर्ने अर्को तारिख तोक्ने गरी आदेश गर्न सक्नेछ ।

मिलापत्र गर्न तोकिएको तारिखका दिन मुद्दाका पक्षहरू, तिनीहरूका कानून व्यवसायी भए कानून व्यवसायी र मुद्दाका पक्षहरूले आफूले पत्याएको व्यक्ति ल्याए निजलाई समेत राखी यथासम्भव मिलापत्र गर्न भनि तारिख तोक्ने आदेश गर्ने न्यायाधीशले छलफल गराई दुवै पक्ष सहमत भए मिलापत्र गराई दिने व्यवस्था छ । सहमत हुन नसके सोही व्यहोराको आदेश गरी अर्को पेसी तोकी कानूनबमोजिम फैसला हुने व्यवस्थाछ ।

मुद्दामा म्याद वा तारिख गुजारी बसेका पक्षहरू मिलापत्र गर्ने प्रयोजनको लागि उपस्थित हुन आएमा अदालतले अनुमति दिई त्यस्ता म्याद वा तारिख गुजारी बसेकाहरूलाई समेत सामेल गराई मुद्दामा मिलापत्र गराउन सकिने लचकतापूर्ण व्यवस्था समेत रहेको छ ।

**ङ) मध्यस्थता**

व्यापारिक वा वाणिज्य प्रकृतिका विवादहरूको छिटो छरितो समाधान गर्नका लागि पक्षहरूको आपसी सम्झौतावाट छनौट गरिएको तेश्रो व्यक्ति वा समूहलाई मध्यस्थ भनिन्छ। मध्यस्थले पक्षहरूका बीचमा मध्यस्थता गराउदछ । नेपालमा मध्यस्थ ऐन, २०५५ ले व्यापारिक प्रकृतिका विवादहरूमा पक्षहरूबीच मध्यस्थ मार्फत विवाद समाधान गर्न सक्ने व्यवस्था गरेको छ। पक्षहरूका बीचमा करार हुँदा नै कुनै किसिमको विवाद समाधान गर्न मध्यस्थको नियुक्ति गर्ने वा मध्यस्थ मार्फत विवाद समाधान गर्ने व्यवस्था गरेका हुन्छन् ।

**३. अनौपचारिक न्यायिक संयन्त्र**

आधुनिक राज्यमा पनि न्याय प्रणाली दुई किसिमका रहेको हुन्छ भन्ने कुरालाई सबै मुलुकहरूले स्वीकार गरेका छन्। यी दुई प्रकारका न्याय प्रणालीमध्ये अनौपचारिक न्याय प्रणाली प्रायश: सबै किसिमका समाजहरूमा रहेको हुन्छ। अनौपचारिक संयन्त्रभित्र विकासमूलक संस्थाद्वारा स्थापित वा सहयोग प्राप्त संयन्त्रहरू जस्तै पारालिगल र सामुदायिक मध्यस्थ रहेका हुन्छन्। अर्कोतर्फ परम्परागत रुपमा जातीय वा धार्मिक समुदायहरूका अगुवा वा समाजका अग्रजद्वारा विवादहरूको समाधान गर्ने प्रचलन परापूर्वकालदेखि नै रहेको पाइन्छ। नेपालमास्थानीय भलादमी तथा जातीय वा समुदायका अगुवाहरूले विवाद समाधान गर्दै आएको पाइन्छ ।



अनौपचारिक संयन्त्रले विवादको समाधान गर्दा आ-आफ्नै प्रचलन वा कार्यविधि अवलम्बन गरेको पाइन्छ । यी अनौपचारिक संयन्त्रले अवलम्बन गर्ने कार्यविधिमा एकरुपता पाइँदैन । धार्मिक समुदायका नेतृत्व जस्तै मुस्लिम-मौलाना/मोल्वीहरूले विवाद समाधान गर्दा धार्मिक ग्रन्थको आधारमा गर्ने गरेको पाइन्छ भने जातीय वा सामुदायिक अगुवाहरूले विवाद समाधान गर्दा सामान्यतया सामाजिक प्रचलनका आधारमा गर्ने गरेको पाइन्छ । तर यदाकदा फौजदारी मुद्दाहरू

पनि यस संयन्त्रवाट हेरिदै आएको सन्दर्भमा त्यस्ता मुद्दाहरू यसवाट हेरिनु हुदैन भनी स्पष्ट गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

**अनौपचारिक संयन्त्रहरूको संक्षिप्त जानकारी**

**क) परम्परागत तथा जातीय संयन्त्र**

विभिन्न जातीय समुदायहरूमा समेत विवाद समाधान गर्ने आ-आफ्नै प्रकृतिका परम्परागत तथा संयन्त्र प्राचीनकालदेखि नै सक्रिय रहेका पाइन्छन । यस्ता संयन्त्रहरूजातीविशेषका आधारमा फरक फरक रुपमा रहेका छन । साथै यस्ता संयन्त्रहरूले विवाद समाधान गर्दा अवलम्बन गर्ने प्रक्रिया र पद्धतिहरू समेत फरक फरक रहेको पाइन्छ । त्यस्ता जातिय समुदायहरूमध्ये थारु समुदायमा क्रियाशील बडगर, मुस्लिम समुदायमा क्रियाशील मौलाना/मौलवी, यादव समुदायमा रहेको पञ्चेयती, तराईका दलित समुदायमा रहेको मैजान जस्ता परम्परागत संयन्त्रहरूले आफ्नो समुदायमा आउने स-साना प्रकृतिका विवादहरू समाधान गर्ने गर्दछन् ।



**परम्परागत अनौपचारिक संयन्त्रहरू**

**शिर उठाउने** : धनकुटा, ओखलढुंगा, भोजपुर, संखुवासभा, उदयपुर र खोटाङ जिल्लाका राई समुदायमा शिर उठाउने प्रक्रियामार्फत व्यक्तिगत विवाद समाधान गर्ने परम्परागत संयन्त्र ।

**किसान अदालत** : झापा, मोरङ र सुनसरी जिल्लाका किसान समुदायमा विवाद समाधान गर्ने परम्परागत संयन्त्र । यसले साना-तिना झैंझगडा, घरेलु हिंसा र विवाहसँग सम्बन्धित विवादहरू मिलाउने गरेको छ ।

**अन्जुमन** : मुस्लिम समुदायमा ३ जनाको मुस्लिम समाज बसेर विवाद समाधान गर्ने परम्परागत संयन्त्र ।

**पन्चेती** : सिराहा र सप्तरी खाङ-खत्वे दलित समुदायमा रहेको परम्परागत विवाद समाधान गर्ने संयन्त्र ।

**तमुधी** : गुरुङ समुदायमा साना-तिना विवादहरू समाधान गर्ने परम्परागत संयन्त्र ।

**मुखिया** :थकाली समुदायको घना वस्ती भएका मनाङ र मुस्ताङ जिल्लामा परम्परागत रुपमा विवाद समाधान गर्ने संयन्त्र ।

**समाज** : पूर्वी नेपालका झापा र मोरङ जिल्लामा रहेका सतार समुदायमा विवाद समधान गर्ने संयन्त्र ।
**थकाली सेवा समाज** : थकाली समुदायमा विवाद समाधान गर्ने संयन्त्र ।
बदघर : नवलपरासी, बर्दिया र बाँके जिल्लामा रहेका थारु समुदायका सानातिना विवादहरू समाधान गर्ने परम्परागत संयन्त्र ।
**पञ्च भलादमी** : पूर्वी नेपालमा परम्परागत रुपमा विवाद समाधान गरी अनौपचारिक संयन्त्र ।
**भलभन्सा** : कैलाली जिल्लाका थारु समुदायमा विवाद समधान गर्ने परम्परागत संयन्त्र ।
**बारा बस्ने:** बाँके जिल्लाको मगन्तपुरका माहुत समुदायमा रहेको विवाद समाधान गर्ने संयन्त्र ।
**भाटुवाई** : नवलपरासी जिल्लाको सुनवल गाविसमा रहेको कुँवर समुदायका विवाद समाधान गर्ने संयन्त्र ।
**कटकन्दार र मतवा** : दाङ जिल्लाको थारु समुदायमा रहेको विवाद समाधान गर्ने परम्परागत संयन्त्र ।

**ख) सामुदायिक मेलमिलापः**

समाजमा घट्ने स-साना प्रकृतिका विवादहरू समाधान गर्ने उद्देश्यले सामुदायिक मध्यस्थताको अवधारणा विकास भएको देखिन्छ । सामुदायिक मेलमिलाप विशेष गरी विवादका पक्षहरू बाहेक तेश्रो पक्षले तटस्थ र निष्पक्ष रही विवादको समाधान गर्ने गर्दछ । नेपालको सन्दर्भमा सामुदायिक मेलमिलापको अवधारणाको आधुनिक विकास केही समय अगाडि भएता पनि समुदायमा घट्ने स-साना प्रकृतिका घटनाहरू जस्तै सामान्य झैझगडा, सामान्य प्रकृतिका कुलोपानी विवाद, मादक पदार्थ सेवन गरी हुने कुटपिट, सामान्य प्रकृतिका अन्य विवाद समाधान गर्ने संयन्त्रको विकास प्राचीन कालदेखि नै हुँदै आएको पाइन्छ । सामुदायिक मेलमिलापले विवाद समाधान गर्ने सम्बन्धमा निश्चित कार्यविधिको अवलम्बन गरेको पाइन्छ र यस्ता कार्यविधिहरू समुदाय अनुसार फरक फरक हुने गरिन्छ ।

**ग) पारालिगल :**

महिला र बालबलिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार र शोषणका घटनाहरू नेपाली समाजमा पर्याप्त मात्रमा रहेको छन । महिला र बालबलिका विरुद्ध भएका घटनालाई सामान्य रुपमा र निजी विषय को रुपमा लिने प्रचलन का साथै उनीहरूमाथि भएका घटनाहरूलाई बाहिर ल्याउन नहुने मान्यता समाजमा विद्यमान रहेको छ । यस समूहको गठन महिला, बालबालिकाविरुद्ध हुने हिंसा, दुर्व्यवहार र शोषणका घटनाहरूविरुद्धमा जनचेतना जगाउने तथा पीडितलाई न्याय दिलाउने उद्देश्यका साथ स्थापना भएको हो । शाब्दिक अर्थमा “पारालिगल” भन्नाले अर्ध-कानूनी हुन्छ । सामान्यतयाः पारालिगल भनेको कानूनको आधारभुत ज्ञान वा प्राथमिक जानकारी भएको व्यक्ति हो । पारालिगल समिति भनेको बालबालिका तथा महिलाहरूलाई हिंसा, दुर्व्यवहार, शोषण र भेदभावबाट संरक्षण गर्न समुदायमा आधारित संरक्षण प्रणाली हो ।

हाल महिला तथा बालबालिका विकास कार्यालयमार्फत जिल्ला स्रोत समूहसँगको समन्वयमा पारालिगल समिति सक्रिय रहेको छ । यसका मुख्य कार्यहरू निम्न रहेका छन् :

- महिला र बालबालिका माथि हुने हिसां, दुर्व्यवहार र शोषणको रोकथाम गर्नको लागि पहल गर्ने,
- समुदायमा व्यप्त रहेको अन्धविश्वास र कुरीतिलाई हटाई समाज परिवर्तनको लागि प्रयास गर्ने,
- बालबालिका तथा महिलाहरूको हक अधिकारको बारेमा समुदायलाई जागरुक गर्ने,
- समुदायमा आउने देवानी प्रकृतिका विवाद छिटो छरितो ढंगबाट समाधानका लागि मध्यस्थता गर्ने,
- हिंसामा परेका बालबालिका तथा महिलाहरूको न्याय प्रणालीसम्मको पहुँचको लागि सहजीकरण गर्ने ।

## पारालिगल समितिको भूमिका

पारालिगलहरू न्यायको सहजकर्ता हुन्, स्वयंमा न्यायकर्ता भने होइनन् । यस तथ्यलाई विचार गर्दापारालिगल समितिका कार्यहरूलाई निम्न बमोजिम राख्न सकिन्छ ।

१. **सचेतना अभिवृद्धिः** पारालिगलहरूको कार्यले बालबालिका तथा महिलामाथिको शोषण, दुर्व्यवहार तथा हिंसासँग सम्बन्धित विषयहरूमा समुदायलाई सचेत बनाउने कार्य गर्दछ । उनीहरूलाई विविध प्रकारका अधिकारहरूबारे पनि स्पष्ट बनाउँदछ, अधिकारको उल्लङ्घन भएको अवस्थामा न्यायको पहुँच अभिवृद्धि गर्न समुदायलाई सचेत बनाउने कार्य गर्दछ । उदाहरणको लागि यसले छाउपडि, बालविवाह बोक्सी जस्ता कुराहरूमा अभियान सञ्चालन गर्दछ ।

२. **पीडितहरूलाई सहयोगः**पारालिगलले पीडितहरूलाई वैधानिक सेवाहरूको पहुँच बढाउन र अन्य आवश्यक उपलब्ध सेवाहरू पुऱ्याउने (जस्तै औषधोपचार, कानूनी सहायता परामर्श, मनोपरामर्श), विज्ञहरूको सल्लाह तथा सहयोगले विवादको मध्यस्थता गर्न तथा त्यसलाई मिलाउन सहयोग गर्दछ। वैधानिक प्रक्रियाको बेलामा पीडित तथा साक्षीहरूको लागि सहयोगी व्यक्तिहरू उपलब्ध गराउन पनि सहयोग गर्दछ ।

३. **मध्यस्थताः**देवानी प्रकृतिका मुद्दाहरूमा यदि दुवै पक्ष मेलमिलापको लागि तयार भइ आएमा, पारालिगल समितिले मध्यस्थताको भूमिका निभाउने गर्दछ। यसले समुदायमै मिलापत्रद्वारा मिलाउन सकिने विवादहरूलाई मिलाउने गर्दछ । बलात्कार, मानव वेचविखन, मानवहत्या जस्ता समुदायमै मिलाउन नसकिने फौजदारी मुद्दाहरूको लागि पीडितलाई प्रहरी समक्ष जानको लागि प्रोत्साहन गर्ने गर्दछ ।

४. **सामुदायिक सहयोग गर्नेः**पारालिगल समितिले विविध क्षेत्रहरूमा सामूदायिक सहयोग गर्ने कुरामा निकै महत्वपूर्ण भूमिका निभाउन सक्दछ। उदाहरणको लागि, पारालिगल समितिले द्वन्द्वमा परेका बालबालिकाहरूको लागि कानूनी सुपरीवेक्षण प्रदान गर्दछ र उनीहरूको पुनःस्थापनाको लागि कार्यक्रम आधारित भई समुदायलाई सहयोग गर्दछ ।

५. **साझेदारी र समन्वयः**पारालिगल समितिले आफूले दिन नसक्ने सेवाहरू प्रदान गर्न सक्ने निकायहरूसँग साझेदारी र समन्वयमा कार्य गर्दछ। फलस्वरुप यसले आफूले दिन नसक्ने प्रकृतिका सेवा दिनको लागिपीडितलाई संबन्धित निकायमा पठाउने गर्दछ ।

अनौपचारिक संयन्त्र, यसको कार्यविधि र वैधानिकताका सम्बन्धमा नेपालमा स्पष्ट कानूनी व्यवस्थाको अभाव रहेको छ । तथापि विभिन्न ऐनहरूमा बैकल्पिक न्याय प्रणालीको रुपमा अप्रत्यक्ष रुपमा सम्बोधन गर्ने प्रयत्न गरिएको पाइन्छ । मेलमिलापसम्बन्धी ऐन, २०६८ ले यस्ता अनौपचारिक संयन्त्रलाई सम्बोधन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरेको छ ।

मेलमिलापसम्बन्धी ऐनको दफा ३३ मा सामुदायिक मेलमिलाप सम्बन्धमा गरेको व्यवस्था निम्न बमोजिम रहेको छ ।

(१)समुदायमा आधारित मेलमिलापद्वारा विवादको निरुपण गर्न सहज पुऱ्याउँदा आवश्यक संख्यामा मेलमिलापकर्ता रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका मेलमिलापकर्ताले पक्षहरूलाई विवाद समाधान गर्न सहायता पुऱ्याउनेछन् ।

(३) उपदफा (२) बमोजिम सहायता पुऱ्याउँदा विवादका पक्षहरूलाई आपसमा सहमति कायम गर्न, विवादलाई एक अर्कालाई मान्य हुने गरी सम्झौता गर्न र समुदायमा आधारित मेलमिलापद्वारा भएको विवादको समाधानलाई हारजीतको रुपमा नलिन उत्प्रेरणा गर्नेछन् ।

(४) समुदायमा आधारित मेलमिलापकर्तालाई विवाद समाधान गर्न सघाउ पुऱ्याउने कार्यमा स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्थाले आवश्यक प्राविधिक र अन्य सहयोग गर्न सक्नेछन् ।

(५) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्ने प्रयोजनको लागि सम्बन्धित समुदायका सदस्यहरूको भेलाले आवश्यक कार्यविधि तय गर्न सक्नेछ ।

(६) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्दा मेलमिलापद्वारा समाधान गरिएको परिणाम लिखित रुपमा स्थानीय निकायमा अभिलेख गर्न सकिनेछ ।

(७) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. सामुदायिक मेलमिलाप सामुदायिकः (१) समुदायमा आधारित मेलमिलापद्वारा विवादको निरुपण गर्न सहज पुऱ्याउँदा आवश्यक संख्यामा मेलमिलापकर्ता रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका मेलमिलापकर्ताले पक्षहरूलाई विवाद समाधान गर्न सहायता पुऱ्याउनेछन् ।

(३) उपदफा (२) बमोजिम सहायता पुऱ्याउँदा विवादका पक्षहरूलाई आपसमा सहमति कायम गर्न, विवादलाई एक अर्कालाई मान्य हुने गरी सम्झौता गर्न र समुदायमा आधारित मेलमिलापद्वारा भएको विवादको समाधानलाई हारजीतको रुपमा नलिन उत्प्रेरण

गर्नेछन् ।

(४) समुदायमा आधारित मेलमिलापकर्तालाई विवाद समाधान गर्न सघाउ पुऱ्याउने कार्यमा स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्थाले आवश्यक प्राविधिक र अन्य सहयोग गर्न सक्नेछन् ।

(५) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्ने प्रयोजनको लागि सम्बन्धित समुदायका सदस्यहरूको भेलाले आवश्यक कार्यविधि तय गर्न सक्नेछ

(६) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्दा मेलमिलापद्वारा समाधान गरिएको परिणाम लिखित रुपमा स्थानीय निकायमा अभिलेख गर्न सकिनेछ ।

(७) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. प्रशिक्षण तथा प्राविधिक सेवा उपलब्ध गराउनः (१) समुदायमा आधारित मेलमिलापद्वारा विवादको समाधान गर्न सम्बन्धित जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकाले समुदायमा आधारित मेलमिलापकर्तालाई आवश्यक प्राविधिक

सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) समुदायमा आधारित मेलमिलापकर्तालाई मेलमिलाप गराउने कार्यमा दक्षता विकास गर्न आवश्यक तालीम उपलब्ध गराउन नेपाल सरकारले आवश्यकता अनुसार राष्ट्रिय वा स्थानीय स्तरका गैर सरकारी संस्था वा समुदायमा आधारित संस्थालाई परिचालन गर्न सक्नेछ ।

## सत्रः४: मुद्दा र यसको कार्यविधि

कुनै दुई वा सोभन्दा बढी पक्षबीच कुनै विषयका सम्बन्धमा कुरा नमिली तेश्रो पक्ष समक्ष विवादको समाधानको लागि पेश गरिएको विषयलाई मुद्दा भनिन्छ । मुद्दालाई विषय वस्तुका हिसाबले फौजदारी र देवानी तथा कार्यविधिका हिसाबले सामान्य कार्यविधि, संक्षिप्त कार्यविधि र विशेष कार्यविधि भनी वर्गीकरण गरिएको हुन्छ । त्यसैगरी मुद्दाको सुनुवाई गर्ने निकायका हिसाबले मुद्दालाई सामान्य अदालतबाट हेरिने मुद्दा, अर्धन्यायिक निकायबाट हेरिने मुद्दा, विवाद समाधानका बैकल्पिक उपाय (Alternative Dispute Resolution) बाट हेरिने मुद्दा र परम्परागत रुपमा प्रथा जनित कानूनका आधारमा हेरिने मुद्दाका रुपमा विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ ।





तर जुनसुकै प्रकृति वा प्रकारको मुद्दा भएपनि सो मुद्दा समाधान गर्ने केही निश्चित कार्यविधिहरू कानूनले तोकिदिएको हुन्छ । ती कार्यविधिहरू पालना नभएका मुद्दाको कारवाही त्रुटिपूर्ण हुने भई बदरभागी हुन्छ । यसरी मुद्दाको सुनुवाईका क्रममा बाध्यात्मक कानूनी व्यवस्थाका रुपमा पालना गरिनु पर्ने यस्ता कार्यविधिहरूका सम्बन्धमा यहाँ स्पष्ट गर्न खोजिएको छ ।

### १. अधिकार क्षेत्र

कुन मुद्दा कसले हेर्ने र कुन निकायले पुनरावेदन सुन्ने भन्ने कानूनले सिर्जना गरेको अधिकारलाई अधिकार क्षेत्र (Jurisdiction) भनिन्छ । अधिकार क्षेत्रको सिद्धान्तको स्थापित मान्यता के हो भने कानूनले स्पष्ट रुपमा तोकेको निकाय वा अधिकारी बाहेक अन्य निकाय वा अधिकारी (चाहे सो भन्दा माथिल्लो तहको होस् वा तल्लो तहको) ले सो मुद्दा सुनुवाई गरेमा सो सुनुवाई बदर हुन्छ, कुनै कानूनी मान्यता पाउँदैन । मुद्दामामिलाको प्रकृति, भौगोलिक क्षेत्र लगायतका अन्य कुराहरूका अधीनमा रही विभिन्न प्रकारका विवादहरूमा निर्णय दिने अधिकार विभिन्न अधिकारी तथा निकायलाई कानूनले तोकिदिएको हुन्छ । मुद्दा लिने, कानूनको प्रयोग गरी निर्णय दिने तथा त्यस्तो निर्णय लागू गर्ने अधिकारलाई समेत क्षेत्राधिकार भनिन्छ ।

विवाद हेर्ने कार्यमा संलग्न अनौपचारिकसंयन्त्रहरूले पनि के कस्ता विवाद आफूले समाधान गर्न सक्ने हो र के कस्ता मुद्दा अनिवार्य रुपमाऔपचारिक संयन्त्रहरूवाट नै हेरिनु पर्दछ भन्ने कुरामा राम्ररी ध्यान दिनु पर्दछ । खासगरी सरकारवादी हुने फौजदारी मुद्दाहरू अनिवार्य रुपमा औपचारिक संयन्त्रहरूवाट नै हेरिनु पर्दछ र अनौपचारिक संयन्त्रहरूले हेर्नु हुदैन भन्ने कुरा सबैले स्पष्ट रुपमा बुझ्नु पर्दछ ।

### अधिकार क्षेत्रको वर्गीकरण

**साधारण अधिकार क्षेत्र :** न्याय प्रशासन गर्नको निमित्त अदालतको स्थापना गरिएको हुन्छ । अदालहरूले कानूनको अधीनमा रही मुद्दामामिला आफू कहाँ दर्ता गराउने, प्रतिवादी झिकाउने, साक्षी सबुत प्रमाण बुझ्ने, फैसला गर्ने, प्रतिवेदन सुन्ने, पुनरावेदन सुन्ने, फैसला कार्यान्वयन गर्ने लगायतका कामहरू न्याय प्रशासनको सिलसिलामा गर्छन् । अदालतका यसै खालको अधिकार क्षेत्रलाई साधारण अधिकार क्षेत्र भनिन्छ । यस्तो साधारण अधिकार क्षेत्र कानूनद्वारा निर्धारित गरिएको हुन्छ । साधारण अधिकार क्षेत्र सर्वोच्च अदालत लगायतका प्रत्येक अदालतले कानूनद्वारा निर्धारित गरे अनुसार पाएका हुन्छन् ।

**असाधारण अधिकार क्षेत्र** : यस किसिमका क्षेत्र विशिष्ट किसिमका हुन्छन् र यस्तो अधिकार क्षेत्र उच्चतम अदालतलाई मात्र प्राप्त हुन्छ । सर्वोच्च अदालतलाई साधारण तथा असाधारण दुवै खालको अधिकार क्षेत्र प्राप्त छ । सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्रको प्रयोग नागरिकका मौलिक तथा संवैधानिक एवं उपचारको व्यवस्था नभएका कानुनी हक उल्लंघन भएको हुन्छ । असाधारण अकिार क्षेत्र प्रयोग गर्न अधिकार न्याय प्रशासन ऐन २०४८ ले केही हदसम्म पुनरावेदन र जिल्ला अदालतलाई प्रयोग गर्न दिएको छ । जसअनुसार पुनरावेदन अदालतले निषेधाज्ञा, परमादेश र बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न सक्तछन् भने जिल्ला अदालतले बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञाको आदेश जारी गर्न सक्दछ ।

### हकदैयाको सिद्धान्त

मुद्दा गर्नुपर्ने विषयसँग प्रत्यक्ष र निकटतम सम्बन्ध भएको व्यक्तिले मात्र मुद्दा गर्ने अधिकार राख्दछ, अन्य व्यक्तिलाई त्यस्तो अधिकार हुँदैन भन्ने सिद्धान्तलाई हकदैयाको सिद्धान्त (Principle of Locus standi) भनिन्छ । यस सिद्धान्तलाई मुलुकी ऐन, अ.व. ८२ नं. ले आत्मसात गरेको छ जसका अनुसार जसको जुन कुरामा हक पुग्छ, उसले सो कुरामा दावी गरी नालिस दिए मात्र लाग्ने व्यवस्था छ । कानूनले हरेक व्यक्तिका हक, हित एवं कर्तव्य निर्धारित गरिदिएको वा गरिदिने हुँदा कुनै कुरामा वा कुनै हकहितमा आघात पऱ्यो भनी उपचार माग्न अदालतसमक्ष जाँदा सर्वप्रथम त्यो व्यक्तिको कानूनले संरक्षित हक, हितमा आघात परेको हो/होइन भन्ने हेरिन्छ र सो व्यक्तिको कानूनले संरक्षित हक, हितमा आघात परेको भए मात्र अदालतले त्यस्तो उजुरी आफुसमक्ष लिई छानवीन गर्दछ र उचित उपचार प्रदान गर्दछ । अन्यथा वेसरोकारको मानिस भनेर छानवीन हुँदैन । त्यस्तो अवस्थामा उजुरी गर्नु र नगर्नुको कुनै अर्थ रहँदैन । कानूनले पीडित पक्ष हो भनी निर्देशित गरेको व्यक्ति मात्र वास्तवमा मुद्दा गर्न सक्षम हुन्छ । यसै कुरामा विकसित भएको छ हदम्यादको सिद्धान्त । कानूनद्वारा व्यवस्थित उपचार पाउन कानूनद्वारा संरक्षित हित वा हक देखाउनु पर्ने विकसित र स्थापित अवधारणालाई कानूनद्वारा सर्वत्र व्यवस्थित गरिएको हुन्छ ।

विवाद हेर्ने कार्यमा संलग्न अनौपचारिक संयन्त्रहरूले पनि जो कसैले पनि ल्याएका मुद्दाको सुनुवाई नगरी वास्तविक रुपमा मर्का परेको पक्ष को हो, ऊसो विवादका सम्बन्धमाके भन्दछ भन्ने कुरामा राम्ररी ध्यान दिनु पर्दछ ।

**अवधारणा**

हकदैया उपचारको सीमाङ्कन गर्ने एक सशक्त र महत्वपूर्ण माध्यम हो । मुद्दा गर्ने हकदैया नभए मुद्दा लाग्न सक्दैन वा लागेको भए पनि खारेज हुन्छ । मूलतः जसको हक हनन भएको छ त्यही व्यक्ति मात्र अदालतमा प्रवेश गर्नु पर्दछ न्याय खोज्नको लागि भन्ने मुख्य अवधारणा हो हकदैयाको । हक हनन नभएको व्यक्ति अदालतसमक्ष आउन सक्तैन ।हकदैयाको माध्यमबाट मुद्दा गर्ने आधारलाई स्पष्ट पारिएको हुन्छ । यसको मुख्य अवधारणा व्यक्तिगत झमेलामा सकभर अन्याय पर्ने मात्र आओस् अनि झगडा झमेला कम होस् भन्ने पनि हो ।

**उदार हकदैयाको परिणाम - सार्वजनिक हक हितसम्बन्धी मुद्दा**

हकदैयाको उदार प्रयोग खास गरी सार्वजनिक हकहितका प्रश्नहरूमा गरिन्छ । सार्वजनिक हकहितका कुरा र व्यक्तिगत हक हितका कुरामा व्यापक अन्तर हुन्छ । व्यक्तिगत हकहितका कुरामा मानिसका निजी हक, हित, स्वार्थ संरक्षणार्थ सम्बन्धित व्यक्ति (जसलाई कानूनद्वारा मुद्दा दायर गर्ने अधिकार प्रदान गरेको हुन्छ) ले मात्र मुद्दा दायर गर्न सक्तछ तर सार्वजनिक हक हित र स्वार्थ संरक्षणका निमित्त सो समाजमा बस्ने कसैले पनि (प्रत्यक्ष आघात पुग्ने/नपुग्ने जसले पनि) मुद्दा दायर गर्न सक्तछ । यस्तो सार्वजनकि हितका कुरामा कसैले मुद्दा गर्ने कुरालाई हकदैयासम्बन्धी सिद्धान्तको अपवाद मानिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (१)/(२) र मुलुकी ऐन अ.वं. १० मा उदार हकदैयाको व्यवस्था गरएको छ ।[2]

**हदम्यादको सिद्धान्त**

कानूनले तोकेको समय सीमाभित्र मुद्दा दायर नगरे वा उजुर नगरेमा मुद्दा नलाग्ने कानूनी व्यवस्थालाई हदम्याद भनिन्छ । कुनै व्यक्ति, संस्था वा समुदायबाट पीडित व्यक्तिले कानूनबमोजिमको उपचार पाउने कुरामा जहिले मन लाग्यो नालिस उजुर गर्न सक्दैन । हद भनेको सीमा र म्यादको अर्थ कुनै काम गर्ने नियत-समय, अवधि वा म्याद हुन्छ । दुवैको अर्थात् हदम्यादको अर्थ अन्तिम अवधि वा आखिरी म्याद हुन्छ । अतः कानूनले उजुरी गर्नलाई निश्चित गरी तोकिदिएको अन्तिम अवधिलाई हदम्याद भन्नु पर्छ ।हदम्यादको कानूनलाई सर्वसाधारण जनताको हितको निमित्त, सामाजिक शान्ति स्थापनाको निमित्त वा यस्तै सामाजिक हित, सुरक्षा एवं विश्रामको निमित्त तयार भएको कानूनका रुपमा मानिन्छ ।

कार्यविधि कानूनमा हदम्यादको ठूलो महत्व रहेको हुन्छ । कानूनले निर्धारित गरेको समयभित्र मुद्दा दायर गरिँदैन भने त्यस्तो मुद्दा सुरु नै हुँदैन । कसैले हदम्याद नघाएर नालिस उजुर गर्छ भने त्यस्तो नालिस उजुर खारिज गरिन्छ । मुद्दा चल्न सक्तैन कारवाही नै गर्नु पर्दैन, गर्न मिल्दैन । मुद्दामामिला चलाउन एउटा निश्चित समय निर्धारण गरिएन भने सधैंभरि मुद्दाको डरले चिन्तित हुनु पर्ने हुन जान्छ जसबाट समाजमा अशान्ति व्याप्त रहन्छ र मानिसले एकपटक जानेर वा नजानेर कुनै गलत काम गरिहाल्यो भने उसले सधैंभरि ममाथि मुद्दा पर्छ कि ? भन्ने चिन्तामै रहनुपर्छ । मुद्दाको डरले

[2](१) यस संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनैकानून यो संविधानसँग बाझिएको हुँदा सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी कुनैपनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानून संविधानसँगबाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषितगर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

आफ्ना अन्य काम वा सामाजिक कर्तव्यहरू राम्ररी गर्न सक्तैन । यस्तो कुराको असर समाजमा निश्चय नै पर्दछ । उता जैलेसुकै र जति समयसम्म पनि मुद्दा चलाउन पाउने भएमा पीडित पक्षले जैले मन लाग्यो तैले नालिस हाल्न सक्तछ, धेरै समयपछि मुद्दा हालेमा उसका सबुत प्रमाण नष्ट हुन जान्छन् जसको फल के हुन्छ भने उसको अन्यायमै रहनु पर्ने हुन्छ, न्याय प्राप्त गर्न सक्तैन । यस्तो स्थिति पनि हदम्यादको कानूनले हुन दिंदैन ।

हदम्यादसम्बन्धी कानून, ढिलो न्याय दिनु न्याय दिंदै नदिनुसरह हुन्छ तथा आफ्नो हक अधिकारको वास्ता नगरी बस्नेलाई कानूनले मद्दत गर्दैन भन्ने सिद्धान्तमा आधारित छ । यस कानूनको अर्को मुल आधार हो, मुद्दामामिलाको अन्त्य होस् भन्ने राज्यको स्वार्थको कुरा ।

अन्य मुलुकमा हदम्याद सम्बन्धी अलग्गै कानून(Statute of Limitation) बनाइएको हुन्छ र कुन मुद्दामा कति हदम्याद हुने भन्ने कुरा एकिकृत रुपमा राखिएको हुन्छ तर नेपालको सन्दर्भमा मुद्दैपिच्छे अलग अलग हदम्याद तोकिएको कारण कुन मुद्दामा कति हदम्याद हुन्छ भन्ने कुरा प्रत्येक कानूनका दफा हेरेर मात्र यकिन हुन सक्छ ।

अनौपचारिक संयन्त्रहरूले पनिविवादको विषय कहिले उन्पन्न भएको हो भन्ने हेरी हदम्यादसम्बन्धी कानूनको सर्वोपरी उद्देश्यलाई मननगरेर मात्र मुद्दाकोसुनुवाई गर्नेगर्नु पर्दछ । साथै आफुले हेर्न वा समाधान गर्न नहुने विवादलाई हदम्यादभित्रै सम्बन्धित निकायमा पठाउनु पर्दछ ।

**हदम्याद सम्बन्धी केही कानूनी व्यवस्थाहरू**

| क्र.सं. | हिंसा | उजुरी गर्ने हदम्याद |
|---|---|---|
| १ | घरेलु हिंसा | घटना भए गरेको मितिले ९० दिनभित्र |
| २ | खाना लगाउन नदिएमा वा छोडी बसेमा | भए गरेका मितिले १ बर्षभित्र नालिस दिनु पर्दछ । |
| ३ | शरीर बन्धक | शरीर बन्धक लिएको मितिले ६ महिना |
| ४ | अपहरण तथा शरीर बन्धक | अपहरण वा शरीरि बन्धकबाट छुटेको मितिले ३ महिना भित्र |
| ५ | अङ्गभङ्ग हुने कुटपिटमा | भए गरेका मितिले ३ महिनाभित्र |
| ६ | सामान्य कुटपिटमा | भए गरेको मितिले ३५ दिनभित्र |
| ७ | गर्भपतन | ३ महिनाभित्र |
| ८ | आसय करणी | भएको मितिले ३५ दिनभित्र । |
| ९ | जबरजस्ती करणी | भएको मितिले ३५ दिनभित्र । |
| १० | हाडनाता करणी | पीडित जीवित रहेसम्म |
| ११ | वालविवाह | थाहा पाएको मितिले ३ महिनाभित्र |
| १२ | जबरजस्ती विवाहमा | भए गरेको मितिले ३ महिनाभित्र |
| १३ | ढाँटी विवाहमा | थाहा पाएको मितिले ३ महिनाभित्र |
| १४ | बहुविवाह | थाहा पाएको मितिले ३ महिनाभित्र |

| | | |
|---|---|---|
| १५ | गाली बेइज्जती वा अपमान | भए गरेको मितिले ६ महिनाभित्र |
| १६ | मानव बेचबिखन तथा ओसारपसार | जहिलेसुकै |

**प्रमाणको संकलन**

प्रमाण सत्य निरुपणको प्राण हो भन्दा अत्युक्ति नहोला । समयमै प्रमाण संकलन हुन नसकेमा कसूर गर्ने व्यक्तिलाई कसूरदार ठहराउन सकिंदैन र न्यायको अर्थ पूरा हुँदैन । अतः कुनै कसूरसँग सम्बन्धित हुन सक्ने दसी वा प्रमाणलाई निर्विवाद तरिकाले संकलन गरी संरक्षण गरेर मुद्दा हेर्ने निकाय समक्ष पेश गर्नु पर्दछ । प्रमाण संकलन गर्नु अघि के कस्ता वस्तु प्रमाण हुन सक्छन् र के कस्ता हुन सक्दैनन भन्ने सम्बन्धमा जानकारी राख्न आवश्यक हुन्छ ।

प्रमाण ऐन, २०३१ का अनुसार मुद्दामा ठहर गर्नु पर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ र सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नु पर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनु पर्दछ भन्ने व्यवस्था छ ।

| |
|---|
| घा जाँच गराउनु पर्दा पीडितलाई प्रहरीमार्फत नै घा जाँच गराउन सहयोग गर्नुपर्दछ । सामान्य तरिकाबाट घा जाँच गराइएको प्रतिवेदनको प्रमाणमा खासै अर्थ नरहने भएकोले अनौपचारिक क्षेत्रमा आएका पीडितहरूलाई प्रहरी मार्फत घा जाँच गराउन सहयोगी भूमिका निर्वाह गर्नुपर्दछ । यसरी प्रहरीमार्फत गरिएको घा जाँच प्रतिवेदनले विवादको निरुपणमा प्रमाणको यथेष्ट भूमिका निर्वाह गर्न सक्दछ । |

## सत्र:५ :अधिकार र यसका प्रकारहरू

### १.	अधिकारको अर्थ

कसैले कसैसँग कुनै कुराको दावीको गर्न पाउने कानूनी सम्बन्धको आधारलाई अधिकार भनिन्छ । अधिकार हुनको लागि अन्य कसैसँग सो अधिकार कार्यान्वयन गरिदिनु पर्ने कानूनी कर्तव्य रहेको हुनुपर्छ । जस्तै क ले ख लाई सापटी स्वरुप केही रकम दिएको छ भने सो रकम असूल उपर गर्न पाउने अधिकार क सँग रहन्छ भने सो रकम तिर्ने बुझाउने कर्तव्य ख मा रहेको हुन्छ । त्यस्तै संविधानमा उल्लेख भएका अधिकांश मौकिल हकहरू व्यक्तिले दावी गर्न पाउँछ र राज्यलाई ती हकको कार्यान्वयन गर्ने कानूनी कर्तव्य रहेको हुन्छ ।



### २.	अधिकारको प्रकार


अधिकारलाई कुन कानूनले के कसरी संरक्षण गरेको छ भन्ने आधारमा विभिन्न प्कारमा बाँड्न सकिन्छ । जस्तै मानव अधिकार, मौलिक अधिकार, कानूनी अधिकार आदि।

### क.	मानव अधिकार

मानव अधिकार भनेको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनमा उल्लेख गरिएका विश्वव्यापी प्रकृति भएका अधिकार हुन् । मानिसलाई मानवीय मूल्य र प्रतिष्ठाका साथ जीवन यापन गर्न आवश्यक पर्ने न्यूनतम अधिकारहरूको समष्टिगत रुप नै मानव अधिकार हो । मानव अधिकार जन्मबाटै प्राप्त हुने, कसैले उल्लंघन गर्न नसक्ने मानिसबाट अलग गर्न नसकिने आधारभूत अधिकार हुन् । यस्ता अधिकारमा व्यक्तिको बाँच्न पाउने, विचार व्यक्त गर्न पाउने, आवत जावत गर्न पाउने, लिङ्ग वा जातजाति समेतका आधारमा भेदभाव नगरिने, शिक्षा प्राप्त गर्ने, स्वास्थ्य उपचार प्राप्त गर्ने,

आफ्नो आस्था अनुरुपको धर्म मान्न पाउने, यातना नदिइने, काम गर्न पाउने समेतका मानवीय मूल्य र प्रतिष्ठासँग सम्बन्धित विभिन्न किसिमका अधिकारहरू पर्छन् ।

मानव अधिकरको संरक्षण, सम्बर्द्धन गर्ने कर्तव्य राज्यमा रहेको हुन्छ । विभिन्न प्रकारका कानूनी उपचारको माध्यमबाट राज्यले यी अधिकारको संरक्षण र परिपालना सुनिश्चित गनु पर्दछ । यसो गर्न नसकेमा राज्यले अन्तर्राष्ट्रिय समुदायसमक्ष समेत जवाफदेही बन्नु पर्दछ ।



### ख. मौलिक अधिकार

संविधानमा नागरिक, व्यक्ति र वर्ग तथा समुदायलाई प्रदान गरिएका स्वतन्त्रताको हक, समानताको हक, जातीय भेदभाव तथा छुवाछुत विरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्म सम्बन्धी हक, न्याय सम्बन्धी हक, निवारक नजरबन्द विरुद्धको हक, यातना विरुद्धको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, श्रम सम्बन्धी हक, देश निकाला विरुद्धको हक तथा संवैधानिक उपचारको हक मौलिक हकको रुपमा रहेका छन् । यी हकको उल्लघंन भएको अवस्थामा विभिन्न तहका अदालतबाट रिट निवेदन तथा मुद्दाको माध्यमबाट उपचार प्राप्त गर्न सकिन्छ । साथै, संविधान वा कानूनले कुनै उपचार प्राप्त हुने व्यवस्था नगरेकोमा सर्वोच्च अदालतबाट असाधारण अधिकार क्षेत्रको माध्यमबाट उपचार प्राप्त गर्न सकिन्छ ।

### ग. कानूनी अधिकार

संविधान बाहेक देशका अन्य कानूनले दिएका र संरक्षण गरेका अधिकारहरूलाईकानूनी अधिकार भनिन्छ । कानूनी अधिकार कानूनले तोकेको शर्त र प्रक्रिया पूरा गरेर मात्र उपभोग गर्न सकिन्छ ।

मानव अधिकार तथा मौलिक अधिकार व्यापक प्रकृतिका हुन्छन् भने कानूनी अधिकार सीमित प्रकृतिका हुन्छन् । जस्तै सगोलको सम्पत्तिबाट अंश पाउने अधिकार कानूनले अंशियार हुने भनी तोकेका प्रत्येक अंशियारको कानूनी अधिकार हो । कानूनी अधिकारको उल्लंघन भएमा कानूनले तोके बमोजिमको प्रक्रियाबाट उपचार प्राप्त गर्न सकिन्छ । यदि त्यस्तो उपचार नभएमा रीटको माध्यमबाट उपचार प्राप्त गर्न सकिन्छ ।

**आधारभूत मानव अधिकारसम्बन्धी जानकारी**

आधारभूत मानव अधिकार भनेका मानिसलाई मानवको रुपमा जीवन यापनका लागि नभई नहुने अति आवश्यक अधिकारहरू हुन्, जसमा बाँच्न पाउने अधिकार, सुरक्षा र स्वतन्त्रताको अधिकार, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको अधिकार, समानता तथा अभिवेदको अधिकार, विचार, विवेक तथा धर्मको अधिकार, शान्तिपूर्ण रुपमा भेला हुने अधिकार, दासत्व विरुद्धको अधिकार, यातना विरुद्धको अधिकार आदि अधिकार रहेका हुन्छन् । यी अधिकारहरू कुनै व्यक्ति, समूह, समुदाय वा राज्यका कुनै पनि अङ्गले हरण गर्न वा उल्लंघन गर्न सक्दैनन् । यी अधिकारहरूलाई देशभित्र पनि संविधान र अन्य कानूनका माध्यमबाट सुरक्षित गरिएका हुन्छन् । यस्ता अधिकारहरू नेपालमा नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा उल्लेख भएका तथा नागरिक अधिकार ऐन, २०१२ तथा अन्य कानूनहरूमासंरक्षित गरिएका छन् ।

**व्यक्तिगत र सामुहिक हक**

मानव अधिकार वा मौलिक अधिकारको चर्चा गर्दा यी अधिकारहरू कस-कसलाई प्राप्त छन् भन्ने कुरा पनि महत्वपूर्ण हुने गर्दछ । कतिपय अधिकार व्यक्तिलाई व्यक्तिगत हैसियतमा र कतिपय अधिकार सामुहिक रुपमा प्रदान गरिएको पाइन्छ । मौलिक अधिकारको सन्दर्भमा त कतिपय अधिकार नागरिकलाई मात्र प्राप्त हुने र कतिपय सबै व्यक्तिलाई प्राप्त हुने अधिकार भनी स्पष्ट रेखाङ्कन नै गरिएको पनि हुन्छ ।

आत्मनिर्णयको अधिकार सम्पूर्ण जनतालाई सामुहिक रुपमा प्राप्त हुने अधिकार हो । त्यस्तै सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकको आफ्नो संस्कृतिको अभ्यास गर्ने, धर्मको अवलम्बन गर्ने र आफ्नो भाषा प्रयोग गर्नेसामुहिक अधिकार हो । नेपालको अन्तरिम संविधान, २०६३ मा मौलिक अधिकारहरूलाई नागरिक, व्यक्ति र समुदायलाई प्राप्त हुने अधिकार भनी निम्न तीन भागमा विभाजन गरिएको छ ।

| **नागरिकलाई मात्र प्राप्त अधिकार** | **व्यक्तिलाई प्राप्त अधिकार** | **समूह/समुदायलाई प्राप्त अधिकार** |
|---|---|---|
| समानताको हक, माध्यमिक तहसम्म निःशुल्क पाउने हक, रोजगारीको हक, सामाजिक सुरक्षाको हक, खाद्य सम्प्रभुताको हक, सम्पत्तिको हक, सूचनाको हक, देश निकाला विरुद्धको हक, वालिग मताधिकार | स्वन्त्रताको हक, छुवाछुत तथा जातीय भेदभावविरुद्धको हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्ति पाउने हक, धर्म अवलम्बन, अभ्यास र संरक्षणको हक, न्याय सम्बन्धी हक, निवारक नजरबन्द | मातृभाषामा आधारभूत शिक्षा पाउने हक, आफ्नो भाषा लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक, महिलाको हक (महिला भएकै कारण भेदभाव नगरिने, प्रजनन स्वास्थ्य, महिला हिंसा नगरिने, |

| | | |
|---|---|---|
| | विरुद्धको हक, यातना विरुद्धको हक, गोपनियताको हक, शोषण विरुद्धको हक, संवैधानिक उपचारको हक | छोरा सरह पैत्रिक सम्पत्तिको हक) सामाजिक न्यायको हक, बालबालिकाको हक, धार्मिक स्थल र धार्मिक गुठीको संचलन र संरक्षणको हक |

### तत्काल कार्यान्वयन हुने र क्रमशः कार्यान्वन हुने अधिकार

मानव अधिकारलाई तत्कालै कार्यान्वयन हुने अधिकार र क्रमशः कार्यान्वयन हुने अधिकार गरी दुई प्रकारमा विभाजन गरिएको छ र यस कुरालाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २(१) मा स्पष्ट गरिएको छ ।

यी दुई प्रकारका अधिकारको भिन्नतालाई निम्न बमोजिम स्पष्ट गर्न सकिन्छः-

| **तत्काल कार्यान्वयन हुने अधिकार** | **क्रमशः कार्यान्वन हुने अधिकार** |
|---|---|
| खासगरी राजनीतिक तथा नागरिक अधिकारको दायराभित्र पर्ने हक जस्तै बाँच्न पाउने हक, स्वतन्त्रताको हक, विचार र अभिव्यक्तिको हक आदि । | आर्थिक, सामाजिक तथा सांस्कृतिक प्रकृतिका अधिकारहरू -जसलाई राज्यले स्रोत र साधनको उपलब्धता सँगै क्रमशः कार्यान्वयन गर्दै लैजान्छ |
| यी हकको कार्यान्वयनको लागि स्रोत र साधनको उपलब्धतानभए पनि राज्यको तत्काल कार्यान्वयन गर्न सक्ने हुन्छ र यिनलाई राज्यको नकारात्मक दायित्व हुने अधिकार पनि भनिन्छ । | संविधानमा कानून बनाई कार्यान्वयन गर्दै लगिने भनी तोकिएका वातावरण र स्वास्थ्यसम्बन्धी हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, रोजगारी सम्बन्धी हक आदिलाई क्रमशः कार्यान्वयन गर्दै लगिने हकको रुपमा बुझिन्छ । |

### अधिकारमा आधारित दृष्टिकोण

अधिकारमा आधारित दृष्टिकोणले कुनै पनि कार्य गर्दा सो कार्यले कसैको अधिकार उपभोगमा मद्दत पुग्ने गरी गर्नुपर्दछ र अधिकार उपयोग गर्न कठीनाई हुने गरी वा असुविधा सिर्जना गरी कार्य गरिनु हुँदैन भन्ने मान्यता राख्दछ । अधिकार प्रदान गर्ने तर सो अधिकार उपभोग गर्नलाई उपयुक्त वातावरण नबनाउने अवस्था अधिकारमा आधारित दृष्टिकोण होइन । उदाहरणको लागि प्रत्येक नागरिकलाई कानूनमा व्यवस्थाभए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेत भनिएको छ तर त्यो कानून बनाउन ढिलाई भयो वा माध्यमिक तहका विद्यालयनै सर्वसुलभ नभई जिल्ला सदरमुकाममा मात्र केन्द्रित भए भने त्यसलाई अधिकारमा आधारित दृष्टिकोण वा अधिकार मैत्री दृष्टिकोण नभएको मान्न सकिन्छ । त्यस्तै, बालकको उचाईलाई ख्याल नगरी विद्यायलमा वयस्कको उचाईलाई हेरेर ढोकाको ताल्चा वा चुकुल लाउने ठाउँ बनाइयो भने त्यो बालमैत्री सुविधा हुन सक्दैन भने आधारभूत मानवीय सुविधा उपलब्ध नभएका थुनुवा घरभित्र आरोपित व्यक्तिलाई थुनामा राख्ने कार्य अधिकार मैत्री कार्य होइन ।

कसूरको अभियोग लागेका प्रत्येक व्यक्तिलाई सो कसुर प्रमाणित नभएसम्म निर्दोष मानिनु पर्ने आधारभूत मान्यता हो । तर हामी कुनै व्यक्ति पक्राउ पर्नासाथ वा आरोप लाग्नासाथ निजलाई कसूरदार वा अपराधी सरह व्यवहार गर्छौं, उसलाई हामी हेयको भावले हेर्छौं, यो सर्वथा अधिकार मैत्री वा अधिकारमा आधारित दृष्टिकोणको अभाव हो । किनभने आरोप जो कसैलाई पनि लाग्न सक्छ, जहिले पनि लाग्न सक्छ र आरोप लाग्यो भन्दैमा निजलाई हेर्ने हाम्रो दृष्टिकोण बदलिनु हुँदैन ।

## सत्र:६ :मानव अधिकारसम्बन्धी दस्तावेजहरूको सामान्य जानकारी



मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज वा लिखतहरू ठूलो संख्यामा रहेका हुँदा ती सबैको बारेमा विस्तृत जानकारी एकैपटक सम्भव नहुने भएकोले सुविधाको लागि मानव अधिकारसम्बन्धी मुख्य दस्तावेज र अन्य दस्तावेज भनी वर्गीकरण गर्ने गरिएको छ । मुख्य दस्तावेजका आधारभूत मानव अधिकार र तिनको परिपालनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रको स्थापना गरिएको हुन्छ । मानव अधिकार सम्बन्धी दस्तावेजहरूलाई तिनीहरू पारित हुँदाको वा राज्य पक्ष हुँदाको प्रक्रियाको आधारमा नरम (Soft) वा कठोर(hard)लिखत भनी वर्गीकरण पनि गर्ने गरिएको छ । जस्तैः घोषणापत्रहरू, सिद्धान्तहरू, न्यूनतम स्तरहरू आफैमा कठोर लिखत होइनन भने महासन्धि, प्रोटोकलहरू, अभिसन्धिहरू कठोर लिखत हुन् ।

मानव अधिकारसम्बन्धी मुख्य मुख्य दस्तावेजहरूको बारेमा संक्षिप्त जानकारी तल प्रस्तुत गरिएको छः

### १. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

संयुक्त राष्ट्र संघीय, महासभाको बैठकबाट सन् १९६६ को डिसेम्बर १६ मा पारित यो महासन्धि मार्च, २३, १९७६ (तदनुसार वि.सं. २०३२ चैत्र १० गते) बाट लागू भएको छ । नेपाल२०४८।१।३१ देखि यस महासन्धिको पक्ष भएकोले यसमा उल्लिखित अधिकारहरूको संरक्षण, सम्बर्द्धन गर्नु र तिनीहरूको उल्लंघन हुन नदिनु नेपालको अन्तर्राष्ट्रिय दायित्व हो । यस महासन्धिले सुरक्षित गरेका अधिकारहरूमा बाँच्न पाउने अधिकार, यातना, क्रूर, अमानवीय व्यवहार विरुद्धको अधिकार, दासत्व विरुद्धको अधिकार, स्वतन्त्रता र सुरक्षाको अधिकार, आवत-जावत र बसोबासको अधिकार, समानता तथा अविभेदको अधिकार, फौजदारी न्यायको अधिकार, गोपनियताको अधिकार, विचार तथा अभिव्यक्तिको अधिकार, धर्मको अधिकार, शान्तिपूर्वक भेला हुने अधिकार, संगठन खोल्नेअधिकार, आदि अधिकार रहेका छन् । यिनलाई बुँदागत रुपमा यस प्रकार उल्लेख गर्न सकिन्छ ।

- आत्मनिर्णयको अधिकार,
- जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको विभेदभाव विरुद्धको अधिकार
- जीवनको अन्तरनिहित अधिकार, स्वेच्छाचारी रुपले कसैको पनि जीवन हरण नगरिने
- यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय विरुद्धको अधिकार
- दासत्वमा तथा दास व्यापार विरुद्धको अधिकार,
- प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार,

- गैरकानूनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई कार्यान्वयन गर्न सकिने क्षतिपूर्तिको अधिकार,
- कुनै करारीय दायित्व पूरा गर्न नसकेको आधारमा मात्रै कसैलाई पनि थुनामा नराखिने,
- प्रत्येक व्यक्तिलाई आफ्नो देशको ईलाकाभित्र आवतजावत गर्ने स्वतन्त्रता तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार,
- सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणको अगाडि समानताको अधिकार,
- स्वच्छ एवं निष्पक्ष न्यायिक सुनुवाईको अधिकार,
- व्यक्तिको गोपनियता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप विरुद्धको अधिकार,
- प्रत्येक व्यक्तिको विचार, विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार,
- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार,
- शान्तिपूर्वक भेला हुने अधिकार,
- प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणको लागि ट्रेड युनियनहरू खोल्ने र त्यसमा सम्मिलित हुने अधिकार,
- स्वतन्त्र तथा पूर्ण मन्जुरीमा विवाहयोग्य उमेरका पुरुष तथा महिलाको विवाह गर्ने र परिवार आरम्भ गर्ने अधिकार,
- पहिचानको अधिकार,
- प्रत्येक बालकलाई राष्ट्रियता प्राप्त गर्ने अधिकार,
- समान मताधिकारको अधिकार र गोप्य मतदानबाट छनौटको अधिकार र आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने अधिकार,
- आफ्नो देशमा समानताका सामान्य शर्तहरूमा सार्वजनिक सेवामा पहुंच प्राप्त गर्ने अधिकार,
- कानूनको दृष्टिमा समानताको अधिकार,
- सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकहरूको अधिकार

यस महासन्धि अन्तर्गतका अधिकारहरूको संरक्षण र प्रवर्द्धन प्रभावकारी रुपमा भए नभएको हेर्नका लागि महासन्धिले “मानव अधिकार समिति” को व्यवस्था गरेको छ । सो समितिले पक्ष राज्यले पठाएको आवधिक प्रतिवेदन अध्ययन गरी सो राज्यमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनको अवस्थाको मूल्यांकन गरी सो को निष्कर्ष सम्बन्धित पक्ष राज्य र संयुक्त राष्ट्र संघमा पठाउने कार्य गर्दछ ।

यस महासन्धिको स्वेच्छिक प्रोटोकल, १९६६ नै पारित भएको अर्को लिखत हो । यसले महासन्धिमा व्यवस्था गरिएका कुनै अधिकार उल्लंघन भएको भनी मानव अधिकार समिति समक्ष कुनै व्यक्तिले उजुरी गर्न पाउने अधिकारको सिर्जना गरेको छ । यसका लागि उजुरीकर्ताले उसको मुलुकभित्र प्राप्त घरेलु कानूनी उपचारका सबै प्रक्रिया पूरा गरिसकेको देखाउनु पर्दछ ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६**

संयुक्त राष्ट्रय संघीय महासभाको डिसेम्बर १६, १९६६ को निर्णयअनुसार पारित भएको यो महासन्धि २०३२ साल पौष १९ गतेदेखि लागू भएको छ । नेपाल२०४८।१।३१ देखि यसको पक्ष भएकोले यस

महासन्धिमा भएका व्यवस्थाहरू कार्यान्वयन गर्नु नेपालको अन्तर्राष्ट्रिय दायित्व हुन्छ । यसले व्यवस्था गरेका अधिकारहरूका काम गर्ने अधिकार, महिला र पुरुषबीच समान पारिश्रमिकको अधिकार, सुरक्षित र स्वस्थ कार्यस्थलको अधिकार, विश्राम, फुर्सद र कार्य अवधि तोकिने अधिकार, ट्रेड युनियनको अधिकार, सामाजिक सुरक्षाको अधिकार, पर्याप्त भोजन, आवास र लुगाको अधिकार, भोक विरुद्धको अधिकार, शारीरिक र मानसिक स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार, आदि अधिकार रहेका छन् । यी अधिकारहरूको संरक्षण र परिपालना सम्बन्धी प्रतिवेदन पक्ष राज्यले आवधिक रुपमा संयुक्त राष्ट्र संघकासचिवालय समक्ष पठाउनु पर्दछ र निजले सो प्रतिवेदन उपर विचार विमर्श गर्न संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद् सभामा पेश गर्दछन् ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिद्वारा प्रदत्त महत्वपूर्ण अधिकारहरू निम्न रहेका छन् :

- आत्मनिर्णयको अधिकार,
- जाति, वर्ण, लिंग भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विरुद्धको अधिकार,
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोग गर्ने पुरुष तथा महिलाको समान अधिकार,
- काम गर्ने पाउने अधिकार, जसमा प्रत्येक व्यक्तिको आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकार,
- महिला र पुरुषका विचमा समान कामको भेदभाव विना समान ज्याला तथा समान पारिश्रमिकको अधिकार,
- आफूले छानेका ट्रेड युनियन खोल्ने र त्यसमा सम्मिलित हुने प्रत्येक व्यक्तिको अधिकार,
- सामाजिक बीमा लगायतका सामाजिक सुरक्षाको अधिकार,
- प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकार,
- भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार,
- प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार,
- प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क उपलब्ध हुनेछ,
- साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार,
- वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार,
- वैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने अधिकार,

**यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४**

संयुक्त राष्ट्र संघीय महासभाको डिसेम्बर १०, १९८४ को निर्णय बमोजिम पारित यस महासन्धिले यातना दिने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहारलाई पूर्ण रुपमा अन्त्य गर्ने उद्देश्य

लिएको छ । नेपाल२०४८।१।३१देखि यस महासन्धिको पक्ष भएको छ । यस महासन्धिले “यातना” लाई कुनै सार्वजनिक वा सरकारी हैसियतमा काम गर्ने कुनै व्यक्तिले कसैबाट जानकारी वा सहमति लिने वा कसैलाई दण्ड दिने वा उद्देश्यले जानी जानी कसैलाई दिएको कठोर शारीरिक वा मानसिक पीडा वा कष्ट दिने कार्य भनी परिभाषा गरेको छ । यस अनुरुप त्यस्ता कुनै पनि अधिकारीले कुनै पनि व्यक्तिलाई मुद्दाको अनुसन्धान वा अभियोजन वा कैद भुक्तानका समयमा वा अन्य कुनै पनि अवस्थामा कसैलाई यातना दिइनु हुँदैन । यस्तो यातना मानसिक रुपमा पनि दिन नहुने भएकोले मुद्दाको सुनुवाई वा कारवाहीका क्रममा कुनै कुरा बोलेको कारणबाट मात्र पनि यातना हुन सक्ने भएकोले यस सम्बन्धी कारवाहीमा संलग्न सबैले शारीरिक यातना नदिने मात्र होइन, आफ्नो बोली बचनलाई पनि सोही अनुरुप तुल्याउनु पर्दछ । यस महासन्धिले यातनाका सबै कार्यलाई आफ्नो फौजदारी कानून अन्तर्गत कसूर कायम गरी दण्ड दिनु पर्ने दायित्व पक्ष राज्यलाई तोकेको छ । सन्धि समितिले प्रत्येक पक्ष राज्यलाई आफ्नो भू-भाग भित्र यातनाको अभियोग लागेको व्यक्ति उपस्थित भएको अवस्थामा तयस्तो व्यक्तिलाई सम्बन्धित देशमा सुपुर्दगी नगर्ने भएमा आफ्नो क्षेत्राधिकार ग्रहण गरी कारवाही गर्ने जिम्मेवारी पनि सुम्पिएको छ ।

महासन्धिले यातनाविरुद्ध प्रत्येक पक्ष राज्यभित्र भएका कार्यहरूको समीक्षा गर्न यातना विरुद्धको समिति (क्याट कमिटि) को व्यवस्था गरेको छ । यस समिति समक्ष पक्ष राज्यहरूले आवधिक प्रतिवेदन चार-चार वर्षमा पेश गर्नुपर्दछ ।

### बाल अधिकार महासन्धि, १९८९

यो महासन्धि संयुक्त राष्ट्र संघीय महासभाले नोभेम्बर २०, १९८९ मा पारित गरेको हो । नेपाल२०४८।५।२९ देखि यसको पक्ष भएको छ । यस महासन्धिको कार्यान्वयनको लागि बालबालिका सम्बन्धी ऐन, २०४८ पनि लागू भएको छ ।

यस महासन्धिले निम्न सिद्धान्तलाई अंगिकार गरेको छ ।

### बाल अधिकारको सिद्धान्त



- अविभेद (भेदभावरहित)
- सर्वोत्तम हित,
- दीर्घजीवन र विकास,
- विचार र भावनाको कदर,

यस महासन्धिले बालक भनेर १८ वर्ष उमेर पूरा नभएको व्यक्तिलाई परिभाषा गरेको छ र पक्ष राज्यलाई कुनै पनि बालक उपर जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, जातयि वा राष्ट्रिय उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य कुनै आधारमा कुनै भेदभाव नगरी सबै अधिकार समान रुपमा उपभोग गर्न पाउने व्यवस्था मिलाउने जिम्मेवारी तोकेको छ । यसले

बालबालिकाका अधिकारहरूमा बाँच्न पाउने अधिकार, जीवन र विकासको अधिकार, जन्मनासाथ जन्मदर्ता र नामको अधिकार, राष्ट्रियताको अधिकार, बाबुआमाबाट उचित स्याहार पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, विचार, विवेक र धर्मको अधिकार, संगठन गर्ने र शान्तिपूर्ण रुपमा भेला हुने अधिकार, गोपनियताको अधिकार, उच्चतम स्वास्थ्य तथा शिक्षा पाउने अधिकार, शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको अधिकार, यौनजन्य दुर्व्यवहार विरुद्धको अधिकार, लागू पदार्थ दुर्व्यसन विरुद्धको अधिकार, यातना तथा क्रुर अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार, शोषण तथा दुर्व्यवहार विरुद्धको अधिकार लगायतका अधिकार सुनिश्चित गरेको छ ।

बुँदागत रुपमा यि अधिकारहरूलाई यसरी उल्लेख गर्न सकिन्छ ।

**बाल बचावट**



- स्वास्थ्य तथा स्वास्थ्य सेवाको अधिकार
- सामाजिक सुरक्षाको अधिकार
- पर्याप्त जीवनस्तरको अधिकार

**बाल विकास**



- नाम र राष्ट्रियताको अधिकार
- परिचय र संरक्षणको अधिकार
- आमा बाबुसँग बसोबास गर्न पाउने अधिकार
- पारिवारिक पुनर्मिलनको अधिकार
- शिक्षाको अधिकार

**बाल संरक्षण**

- दुर्व्यवहार र उपेक्षाबाट संरक्षणको अधिकार
- परिवारविहिन बालबालिकाको संरक्षणको अधिकार
- धर्मसन्तान बालबालिकाको संरक्षणको अधिकार
- शरणार्थी बालबालिकाको संरक्षणको अधिकार

- अपाङ बालबालिकाको संरक्षणको अधिकार
- स्वास्थ्य, शिक्षा वा विकासमा हानी पुग्ने बाल कार्य विरुद्धको अधिकार
- अनैतिक पेशामा संलग्नता विरुद्धको अधिकार
- यौन शोषण विरुद्धको अधिकार
- बेचबिखन, सौदाबाजी र अपहरण विरुद्धको अधिकार
- सबै प्रकारको शोषण विरुद्धको अधिकार
- यातना, क्रुर व्यवहार वा गम्भीर सजाय विरुद्धको अधिकार
- सशस्त्र संघर्षमा बालबालिकाको प्रयोग विरुद्धको अधिकार
- पुर्नलाभ र सामाजिक पुर्नस्थापनको अधिकार
- बाल न्यायसम्बन्धी अधिकार

**बाल सहभागिता**

- आफूलाई असर पर्ने कुरामा विचार प्रकट गर्न पाउने अधिकार
- विचार व्यक्त गर्ने अधिकार
- विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार
- संगठन खोल्न पाउने तथा भाग लिन पाउनेअधिकार
- नीजिपनाको संरक्षणको अधिकार
- उचित जानकारी प्राप्तिको अधिकार
- अल्पसंख्यक वा आदिवासी समुदायका बालबालिकाहरूले आफ्नो धर्म, संस्कृति र भाषा प्रयोग गर्न पाउने अधिकार
- आराम गर्ने, खेल्ने तथा सांस्कृतिक र कलात्मक गतिविधिहरूमा भाग लिन पाउने अधिकार

यस समितिले बाल अधिकारका सम्बन्धमा पक्ष राज्यमा भएका क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि बालअधिकार सम्बन्धी समितिको व्यवस्था गरेको छ जसले आवधिक रुपमा -प्रत्येक ५/५ वर्षमा) पक्ष राज्यबाट प्रतिवेदन प्राप्त गरी महासन्धिको कार्यान्वयन उपर विचार विमर्श गरी सम्बन्धित राज्यलाई आवश्यक सिफारिस तथा सुझाव दिन सक्दछ ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बधी महासन्धि, २००६**

प्रथम र द्वितिय विश्व युद्ध पछि संसारभरि नै अपाङ्गता भएका व्यक्तिहरूको संख्या थपिन पुग्दाअपाङ्गताको विषयलाई मानव अधिकारको अलग हाँगाका रुपमा लिन थालियो । सन् १९६० का दशकबाट अपाङ्गताभएका व्यक्तिहरूको सांगठनिक विस्तारले संसारभरिका देशहरू र संयुक्त राष्ट्र संघमा दवाव परेको कारणलेअपाङ्गता सम्बन्धी घोषणापत्र, संयुक्त राष्ट्र संघबाट पारित गरिएको थियो । तर यी नियम र घोषणापत्र बाध्यात्मकनभएको कारणले आशागरे अनुसारको उपलब्धि हासिल हुन सकेन । अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार सुनिश्चित गर्नका लागि महासन्धिको नै आवश्यकता महसुस गरी १३ डिसेम्वर २००६ मा संयुक्तराष्ट्र संघमा औपचारिक रूपमा दर्ता भई अनुमोदनका लागि खुला गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अन्य मानव सरहको अधिकार को प्रत्याभूत गराएको छ । यसले हरेक सरकारहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक जीवनको हरेक पक्षमा सहभागिता सुनिश्चित गर्ने व्यवस्थाहरू गर्न उत्तरदायी गराउदछ । यस महासन्धिले खासगरी देहायका सिद्धान्तहरूलाई आत्मसात गरेको छः-

- नैसर्गिक मर्यादाको सम्मान
- आफ्नो लागि आफै छनौट गर्न पाउने स्वतन्त्रता लगायतकावैयक्तिक स्वायत्तता तथा व्यक्तिको स्वतन्त्रताको सम्मान,
- गैर–भेदभाव,
- समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण,
- मानवीय विविधता साथसाथैं मानवीयताको अगंको रूपमा अपाङ्ग भएका व्यक्तिको भिन्नताको स्वीकार्यता
- अवसरहरूमा समानता,
- पहुँच योग्यता,
- पुरूष र महिलाबीच समानता,
- अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान तथा अपाङ्गता भएका बालबालिकाको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान ।

नेपालले पनि २०६७ सालमा यस महासन्धिलाई अनुमोदन गरेको छ । नेपालमा कूल जनसङ्ख्याको १.९६प्रतिशतको सङ्ख्यामा रहेका अपाङ्गता भएका व्यक्तिहरू रहेकाछन । यिनीहरूको हक हितको संरक्षण गरी विकासको मूल प्रवाहमा ल्याउन धेरै कार्यहरू गर्न बाँकी नै छ । नेपालमा शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्या एवं कठिनाईको प्रकृति अनुसार अपाङ्गतालाई शारीरिक अपाङ्गता, दृष्टि सम्वन्धी अपाङ्गता, सुनाइ सम्वन्धी अपाङ्गता, श्रवणदृष्टिविहीन सम्वन्धी अपाङ्गता, स्वर र बोलाइसम्वन्धी अपाङ्गता, मानसिक अपाङ्गता र वहु-अपाङ्गता गरी सात प्रकारमा वर्गीकरण गरिएको छ । त्यसैगरी अशक्तताको गम्भीरताको दृष्टिकोणले अपाङ्गतालाई पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, मध्यम अपाङ्गता र सामान्य अपाङ्गता भनी वर्गीकरण गरिएको छ । यसलाई जनाउन विभिन्न रंगका परिचयपत्रहरू प्रयोगमा ल्याइएको छ ।

अपाङ्गता भएका व्यक्तिका अधिकारहरूअन्य सामान्य व्यक्तिका अधिकार सरह समान रुपमा उपभोग गर्न पाउने भएतापनिउनीहरू फरक रुपमा सक्षम हुन्छन ।त्यसैलेअपाङ्गता भएका व्यक्तिहरूले यी अधिकारहरू अशक्तता तथा विभिन्न अवरोधहरूको कारणले अन्य व्यक्तिहरू सरह समान आधारमा पूर्ण रुपमा उपभोग गर्न नसक्ने हुंदा ती अधिकारहरू उपभोग गर्न उनीहरूलाई सक्षम एवं सम्भव तुल्याउन आवश्यक हुन्छ । अतः यसकालागि लिनु पर्ने उपायहरू जस्तो, पहुंचयुक्तता, जोखिम अवस्था तथा मानवीय संकटको अवस्थामा सुरक्षात्मक व्यवस्था, न्यायमा पहुंच, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने तथा समुदायमा समावेश गरिने समानता र भेदभावविहिनता जस्ता कुराहरू समेत अपाङ्गता भएका व्यक्तिको अधिकार अन्तर्गत पर्दछन् ।

**महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९**

यो महासन्धिलाई संयुक्त राष्ट्र संघीय महासभाले सन् १९७९ को डिसेम्बर १८ मा पारित गरेको हो । नेपालले२०४८।१।९ मा यसलाई अनुमोदन गरी पक्ष भइसकेको छ । यस महासन्धिले महिलालाई पुरुष सरह औपचारिक समानता मात्र दिएर पुग्दैन, उनीहरूको आर्थिक, सामाजिक, पारिवारिक स्थिति समेतलाई विचार गरी उनीहरूको पक्षमा विशेष कानूनी व्यवस्था समेत गरिनु पर्दछ भन्ने मान्यता अघि सारेको छ । महिला र पुरुषबीच प्रक्रियामा मात्र नभई परिणाममा पनि समानता कायम हुनुपर्छ वा सारभूत रुपमा समानता हुनुपर्छ भनी यस महासन्धिले जोड दिएको छ । उदाहरणका लागि कुनै सार्वजनिक सेवामा प्रवेश गर्ने परीक्षा लिंदा महिला र पुरुषलाई समान अवसर दिएर मात्र पुग्दैन, महिलाको लागि आरक्षण समेतका विशेष व्यवस्था गरिए मात्र परिणाममा पुरुष सरह महिला पनि सो सेवामा प्रवेश गर्न सक्छन् भन्ने मान्यता यसले लिएको छ ।



यस महासन्धिले महिला विरुद्धको भेदभावको विस्तृत परिभाषा गर्दै पुरुष सरह महिलाको समुन्नति र सहभागिता सुनिश्चित गर्न राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा विशेष कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने दायित्व पक्ष राज्यलाई तोकेको छ । साथै महासन्धिले महिला विरुद्ध

भेदभाव गर्ने सम्पूर्ण कानूनी तथा प्रथा जनित मूल्य मान्यताको अन्त्य गर्ने, बेचबिखन लगायत महिला उपर गरिने सबै प्रकारका हिंसाको अन्तय गर्ने, पुरुष सरह राजनीतिक तथा सामाजिक जीवनमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने, पुरुष सरह नागरिकता प्राप्त गर्ने गराउने, विवाह, पारिवारिक सेवामा महिला, रोजगारी, स्वास्थ्य आदि विषयमा पुरुष सरह समान अधिकार सुनिश्चित गर्ने लगायतका जिम्मेवारी पक्ष राज्यलाई तोकेर ती कुराहरू महिलाका अधिकारको रुपमा व्यवस्था गरेको छ ।

यस महासन्धिद्वारा प्रदत्त अधिकार निम्न रहेकाछन ।

**धारा ६ : बेचबिखन तथा शोषण विरुद्धको अधिकार**

- महिलाको किनबेचविरुद्धको अधिकार
- वेश्यावृत्तिको लागि गरिने यौनशोषण विरुद्धको अधिकार

**धारा७ : सार्वजनिक तथा राजनीतिक जीवनमा सहभागिताको अधिकार**

- मतदान गर्न पाउने समान अधिकार
- निर्वाचनको लागि योग्य हुने समान अधिकार
- सार्वजनिक पद धारण गर्ने तथा नीति निर्माणमा संलग्न हुने समान अधिकार
- संघ संगठनमा सहभागी हुन पाउने समान अधिकार

**धारा ८ : अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने अधिकार**

- अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा प्रतिनिधित्व गर्न पाउने समान अधिकार
- अन्तर्राष्ट्रिय संघ संगठनमा भाग लिन पाउने समान अधिकार

**धारा ९ : राष्ट्रियता सम्बन्धी अधिकार**

- राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार
- विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणले पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने अधिकार
- पतिको राष्ट्रियता जेजस्तो भएता पनि महिलाले आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार
- सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा समान अधिकार

**धारा १० : शिक्षा सम्बन्धी अधिकार**

- अध्ययन गर्न र उपाधि पाउने समान अधिकार
- छात्रवृत्तिसम्बन्धमा समान अधिकार
- खेलकूद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अधिकार
- परिवार नियोजनसम्बन्धी सूचना/जानकारी पाउने अधिकार

**धारा ११ : रोजगारीको अधिकार**

- रोजगारीमा समान अवसरको अधिकार
- रोजगारी स्वतन्त्ररुपमा चयन गर्न पाउने अधिकार
- समान पारिश्रमिक तथा सुविधाको अधिकार

- पुरा तलब सहितको प्रसूति विदाको अधिकार
- गर्भवती महिलालाई हानिकारक काममा लगाउन नपाउने अधिकार

**धारा १२ : स्वास्थ्य सम्बन्धी अधिकार**

- परिवार नियोजन लगायत स्वास्थ्य, स्याहार, सेवा विना कुनै भेदभाव प्राप्त गर्ने अधिकार
- गर्भवती समय, प्रसूती समय र प्रसूति पश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू प्राप्त गर्न पाउने अधिकार
- गर्भवती समय र स्तनपानको समयमा पर्याप्त पोषण प्राप्त गर्न पाउने अधिकार

**धारा १३ : आर्थिक तथा पारिवारिक लाभको अधिकार**

- पारिवारिक लाभ उपभोगमा समान अधिकार
- बैंकको कर्जा वा अन्य प्रकारको ऋण प्राप्त गर्न पाउने अधिकार
- धितो-बन्धकी राख्न पाउने अधिकार
- खेलकूद, सांस्कृतिक र मनोञ्जनात्मक गतिविधिमा सहभागिता हुन पाउने समान अधिकार

**धारा १४ : ग्रामीण महिलाको अधिकार**

- औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार
- स्वरोजगारीका लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार
- सबै सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार
- आवास, सरसफाई, विद्युत्, यातायात, खानेपानी तथा संचारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार

**धारा १५ : कानूनी समानताको अधिकार**

- कानूनको दृष्टिमा समानताको अधिकार
- करार सम्पन्न तथा सम्पत्ति संचालन गर्न पाउने समान अधिकार
- अदालत तथा न्यायधिकरणसमक्ष हुने कार्यविधिमा समान व्यवहारको अधिकार
- घुमफिर गर्ने तथा वासस्थान छान्न पाउने स्वतन्त्रतासम्बन्धी समान अधिकार

**धारा १६ : विवाह तथा पारिवारिक सम्बन्धको अधिकार**

- जीवन साथी स्वतन्त्र रुपले छान्न पाउने समान अधिकार
- वैवाहिक जीवनको समान अधिकार,
- सम्बन्ध विच्छेदको समान अधिकार,
- सम्पत्तिमा पति-पत्नी दुवैको समानताको अधिकार
- पारिवारिक नाम, पेशा र वृत्ति चयन गर्न पाउने अधिकार
- सन्तान कति जन्माउने, कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार
- सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार

यस महासन्धिले कार्यान्वनयको अनुगमन गर्न महिला विरुद्धको भेदभाव उन्मूलन समितिको व्यवस्था गरिएको छ जसले पक्ष राज्यलाई प्राप्त महासन्धि कार्यान्वयन प्रतिवेदन उपर विचार-विमर्श गरी सो राज्यको लागि आवश्यक सिफारिस गर्न सक्दछ ।

## सत्रः७ :लिङ्ग, लैङ्गिकता तथा लैङ्गिकतामा आधारित हिंसा

### क) जैविक भेद र समाजिक भेदबीचको भिन्नता

महिला र पुरुष दुवै मानव प्राणी हुन तर यी दुईबीच दुई प्रकारको भिन्नता हुन्छ । यस्तो भिन्नता शारीरिक कारणले भएमा जैविक भेद भनिन्छ भने सामाजिक मूल्य मान्यताका कारणले भएमा सामाजिक भेद भनिन्छ ।




| जैविक भेद | सामाजिक भेद |
|---|---|
| • जैविक भेद जन्मदेखि नै आएको फरक हो ।<br>• जैविक भेद शारीरिक हुन्छ ।<br>• जैविक भेद प्रकृतिबाटै आएको हुन्छ । ( जस्तैः गर्भधारण गर्ने, बच्चा जन्माउने, दुध खुवाउने)<br>• जैविक भेद परिवर्तन गर्न सकिंदैन ।<br>• जैविक भेद सामान्यतया संसारभरि एकै प्रकारको हुन्छ तर आधुनिक प्रविधिले यसमा केही परिवर्तन गरेको पाइन्छ । | • सामाजिक भेद सामाजिक मूल्य मान्यताको आधारमा भएको जिम्मेवारी र भूमिकामा भिन्नता हो ।<br>• सामाजिक भेद ऐतिहासिक वा विद्यमान परम्परा वा सामाजिक धारणामा आधारित हुन्छ ।<br>• सामाजिक भेद मानव आफैले सृजना गरेको हुन्छ ।<br>• सामाजिक भेद परिवर्तन गर्न सकिन्छ ।<br>• सामाजिक भेद समय, परिस्थिति, भौगोलिक अवस्था, धर्म, संस्कृति, जातजाति, भाषा अनुसार फरक फरक हुन्छ । |

### ख) महिलाले भोग्नु परेको असमान व्यवहारहरू

महिला र पुरुषबीच शारीरिक बनावटमा बाहेक अन्य अवस्थामा कुनै भिन्नता छैन । तर महिला र पुरुषबीच समानता हुँदा हुँदै पनि सामाजिक मूल्य मान्यताको आधारमा सृजित सामाजिक विभेदको कारण महिला र पुरुषलाई फरक फरक भूमिका तोकिएको पाइन्छ । यस भूमिकामा महिलाले प्रजनन् प्रक्रिया र घर भित्रकासम्पूर्ण अरु कार्यहरू (पकाउनु, खुवाउनु, धुनु, सुकाउनु) रहेको हुँदा महिलाको शिक्षा, तालिम र फुर्सदमा ठूलो ह्रास आउँदछ तर, पुरुषको भूमिका उत्पादन (जसको आर्थिक मूल्य

रहन्छ) गर्ने काममा बढी आधारित हुन्छ र यसको बढी सामाजिक महत्व हुन्छ । फलस्वरुप महिलाको स्तर र सम्मान पुरुषको भन्दा तल रहीआएको छ । यसले गर्दा हाम्रो समाजमा पितृसत्ताको सोच र व्यवहारले जरो गाड्दै घर, समाज, धर्म, संस्कृति, बजार र राज्यमा पनि हावी भएको पाइन्छ । सामाजिक भेदको कारण महिलाले दैनिक जीवनमा थुप्रै असमान व्यवहारहरू भोग्नु पर्दछ ।

महिला र पुरुषबीच रहेको सामाजिक भेदको कारण महिलाले जीवनको हरेक क्षेत्रमा असमान व्यवहारहरू भोगिरहनु परेको छ । त्यसमध्येका केही उदाहरणहरू यहाँ दिइएको छः

**छोरीलाई भन्दा छोरालाई शिक्षामा जोड दिने सामाजिक व्यवहार**

- प्रायः नेपाली समाजमा छोरा र छोरीबीच कसलाई शिक्षा दिने भन्ने कुरामा प्राथमिकता छोरालाई नै दिइन्छ ।
- आर्थिक कारणले सन्तानलाई पढाउन नसक्ने परिवारमा पनि छोरी नै यो सुविधाबाट वन्चित हुन्छिन् र महंगो शिक्षा दिनुपर्ने भएमा छोराले नै पहिलो छनौटमा प्राथमिकता पाउँदछ ।
- विदेश पठाउनु पर्दा, विज्ञान प्रविधिको शिक्षा दिंदासमेत छोरा नै प्राथमिकतामा आउँदछ ।
- शिक्षाबाट वन्चित रहँदा आजका बालिका भोलि दिदी, बहिनी, आमा वा समाजको जुनसुकै स्थितिमा रहँदा पनि समानताको अधिकार, विभिन्न स्वतन्त्रताको हक वा रोजगारी वा जीवनसम्बन्धी अधिकारजस्ता विभिन्न अधिकारहरूबाट उनीहरू बन्चित हुन्छन् ।

**छोरीलाई महत्व दिने सामाजिक मूल्य, मान्यता**

- छोरी अर्काको घरमा जाने जात, छोरा बुढेसकालको सहारा भनिने चलन छ ।
- छोराले घरबाहिर वा सार्वजनिक स्थानमा काम गर्छ, छोरी मान्छे घर गृहस्थीमा मात्र हुन्छन् ।
- जमाना खराब छ, छोरीहरूले बाहिर फेर काम गर्दा उनीहरू दुर्व्यवहारको शिकार हुन सक्छन्, त्यसैले इज्जत जोगाएर काम गर्नु पर्दछ बचेर काम गर्नुपर्दछ भनिन्छ जसले गर्दा महिलाको गतिशीलतामा रोक लाग्दछ ।

**पुरुषलाई महिलाभन्दा उच्च ठान्ने कानूनी व्यवस्था**

- नेपालको अन्तरिम संविधानले महिलालाई समान अधिकार दिने भनेको छ तर स्वयं संविधानमा नागरिकताका सम्बन्धमा भेदभावपूर्ण व्यवस्था रहेको छ । *नेपालको अन्तरिम संविधान, २०६३ र विद्यमान नागरिकता ऐनमा आधारित)*
- महिलाले आफ्नो सन्तानलाई नागरिकता हस्तान्तरण गर्ने सम्बन्धमा शर्तयुक्त तथा भेदभावपूर्ण व्यवस्था छ । *नेपालको अन्तरिम संविधान, २०६३ र विद्यमान नागरिकता ऐनमा आधारित)*
- पुरुषले विदेशी महिलासँग विवाह गरेमा त्यस्तो विदेशी महिलाले नेपाली नागरिकता प्राप्त गर्न सक्दछिन् तर नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेमा ती पुरुषले आफ्नी नेपाली श्रीमतीको आधारमा नेपालको नागरिकता पाउन सक्दैनन् । *(नेपालको अन्तरिम संविधान, २०६३ र विद्यमान नागरिकता ऐनमा आधारित)*
- परिणामतः कानूनी रुपबाटै महिला दोस्रो दर्जाको नागरिक र पुरुषको सहायकको रुपमा रहनु पर्ने अवस्था हुन जान्छ ।
- महिलाले पुरुषको पहिचान धारण गर्नुपर्दछ । महिलालाई कानूनी स्वतन्त्रता पूर्णरुपमा दिइएको छैन ।

### ग) पितृसत्ता र पितृसत्तालाई संस्थागत गर्ने संयन्त्र

पितृसत्ता एउटा सामाजिक अभ्यास हो, जसले पुरुष प्रधानतालाई मान्यता दिन्छ। पितृसत्ताले संरचनात्मक रुपमा नै परिवारको महिलाहरू, अन्य पुरुषहरू, केटाकेटी, वृद्धवृद्धा, अशक्त र घरेलु कामदारहरूलाई मूल पुरुषको नियन्त्रणमा राख्दछ। पितृसत्ताबाट महिला वर्गमात्र पीडित नभई सम्पूर्ण विकास प्रणालीमा नै नराम्रो असर पुऱ्याएको छ। जस्तै पितृसत्ताले,

- महिलाहरूमा हिनताबोध गराएको,
- आर्थिक लेनदेनबाट महिलाहरूलाई पन्छाएको,
- उनीहरूलाई निर्णय लिन असक्षम तुल्याएको,
- सामाजिक विकास क्रममा महिलाहरूको स्थिति पुरुषको तुलनामा न्यून रहेको,
- घर परिवारलगायत समाज र देश विकासमा पुरुषको स्वामिव र नियन्त्रण रहेको,
- यही क्रम एउटा पुस्ताबाट अर्को पुस्तामा सर्दै गएको,

**यसको फलस्वरुप,**

- देशको विकासमा नै यसले प्रतिकूल असर पारेको छ।
- देश गरीव, असक्षम र पछाडि पर्दै गएको छ।
- समाजको पूर्ण विकास हुन सकिरहेको छैन।
- समाज स्वावलम्बी बन्न सकिरहेको छैन।

यसरी घर, समाज र राज्यनै पुरुष प्रधान भएको छ भने पुरुषको हातमा सम्पूर्ण कुराको नियन्त्रण, परिचालन र स्वामित्व कायम भई महिलाहरू पछि पर्दै गएका छन्। यस कुरालाई तलको तालिकाले अझ स्पष्ट गर्दछ।

| राज्य | समाज | घर |
|---|---|---|
| • नीति निर्माण तथा निर्णायक तहमा महिलाको सहभागिता न्यून राख्ने,<br>• भेदभावपूर्ण कानूनहरू निर्माण गर्ने,<br>• महत्वपूर्ण पदहरूमा महिलालाई स्थान नदिने। | • एक्लो महिलालाई राम्रो नजरले नहेर्ने,<br>• रातिमा महिला हिंड्दा शंकाको नजरले हेर्ने,<br>• महिला आदर्श नारी हुनुपर्दछ भन्ने मान्यता राख्ने,<br>• महिलाले परम्परागत बाहेकका अन्य काम गर्न हुँदैन भन्ने दृष्टिकोण लिने,<br>• महिलालाई वस्तुको रुपमा मात्र प्रयोग गर्ने। | • छोराछोरीबीच भेदभाव गर्ने,<br>• घरेलु हिंसालाई पारिवारिक विषय मान्ने,<br>• छोरीलाई पढाउनु भन्दा विवाहमा जोड गर्ने,<br>• महिलालाई घरधन्दामा सीमित राख्ने,<br>• जिम्मेवारीका आधारमा गरिने भेदभाव। |

महिला र पुरुषको बीच सामाजिक दृष्टिकोणमा रहेको फरक व्यवहार वा फरकपनले महिला उपर विभेद मात्र सृजित गरेको छैन, सोही कारणले उनीहरूलाइ लैङ्गिक हिंसाको चपेटामा समेत पारेको छ।

## सत्र ८ : संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५र १८२० र राष्ट्रिय कार्ययोजनाको परिचय

आधारभूत मानवअधिकारको संरक्षण तथा विश्व शान्ति कायम गर्ने उद्देश्यका साथ संयुक्त राष्ट्र संघको सन् १९४५ मा स्थापना भएको थियो । सशस्त्र द्वन्द्वमा विशेष गरी महिला तथा बालबालिका उपर हुने हिंसा र द्वन्द्वरत पक्षबाट उनीहरूको अधिकारको उल्लंघनका घटनालाई संबोधन गर्ने सम्बन्धमा विशेष कानुनी दस्तावेजको अभाव रहेको महसुस गर्दै सुरक्षा परिषद्ले प्रस्ताव नं. १३२५ र १८२० पारित गरेको थियो ।

### संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को निर्णय

संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को निर्णय भनेको कुनै खास विषयमा संयुक्त राष्ट्र संघको आधिकारिक धारणा हो । सुरक्षा परिषद्को निर्णयलाई संयुक्त राष्ट्र संघकै निर्णय मानिन्छ र उक्त निर्णय पूर्ण रुपमा लागू गर्न सबै सदस्य राष्ट्रहरू उत्तरदायी हुन्छन् । संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को निर्णय नमान्ने राष्ट्रलाई कारवाहीसमेत गर्न सक्ने अधिकार संयुक्त राष्ट्र संघमा रहेको हुन्छ ।

### प्रस्ताव नं. १३२५

सुरक्षा परिषद्ले महिला, शान्ति र सुरक्षालाई आधार बनाई ३१ अक्टोबार २००० मा प्रस्ताव नं. १३२५ पारित भएको थियो। यस प्रस्तावले द्वन्द्व र संक्रमणकालिन अवस्थामा महिला तथा बालिकाको विशेष आवश्यकताको पहिचान र संबोधन गरी महिला अधिकार संरक्षण, शान्ति निर्माण तथा पुनर्निर्माण प्रकृयामा लैङ्गिक दृष्टिकोण सुनिश्चित गर्ने कुरालाई जोड दिएको छ ।



- द्वन्दरत पक्षहरूले महिला, बालबालिकालाई अन्तर्राष्ट्रिय मानवीय कानुनमा आधारमा उचित व्यवहार गर्ने,
- द्वन्द रुपान्तरण तथा शान्ति निर्माणका प्रक्रियामा लैङ्गिक दृष्टिकोण अवलम्लन गर्ने
- यौजन्य हिंसामा आमाफी दिन नहुने
- निशस्त्रीकरण, शैन्य विघटन, सामाजिक मुनर्एकिकरण प्रकृयामा पूर्व महिला लडाकुको फरक आवश्यकातालाई ध्यनदिने
- संयुक्त राष्ट्रसंघमा पेश गरिने प्रतिबेदनमा लैङ्गिक हिंसाको विषयहरू समाबेश गर्ने
- द्वन्द समाधानका सबै प्रक्रियामा महिला सहभागिता सुनिस्चित गर्ने

**प्रस्ताव नं. १८२०**



सुरक्षा परिषद्बाट द्वन्द्व र संक्रमणकालिन अवस्थामा महिला तथा बालिका उपर हुने यौन हिंसालाई सम्बोधन गर्न १९ जुन, २००८ मा पारित भएको थियो । यस प्रस्तावमा सशस्त्र द्वन्द्वकालमा महिला बालबालिका उपर हुने यौन हिंसाको सबै स्वरुपलाई तत्काल बन्द गर्नु पर्ने, युद्ध कार्यनीतिको रुपमा व्यापक र योजनाबद्ध रुपमा गरिने यौन हिंसा रोक्ने, यौन हिंसा अपराधमा आम माफी नदिने तथा यौनजन्य हिंसामा शून्य सहिष्णुताको नीति अवलम्बन गर्नु पर्ने कुरालाई जोड दिएको छ ।

- यौनजन्य हिंसामा आम माफी दिन नहुने
- यौन हिंसामा शून्य सहिष्णुताको नीति अपनाउने
- यौन जन्य हिंसामा जावाफदेहिताको सिद्धान्त तथा अनुशासनात्मक कारवाही गर्ने
- महिला तथा महिलाले नेतृत्व गरेको संस्थाहरूको परामर्शमा यौन हिंसा विरुद्धको प्रभावकारी संयन्त्र विकास गर्ने
- शान्ति अभियानमा संलग्न कर्मचारी वा सुरक्षाकर्मीलाई यौनजन्य हिंसाको सम्वन्धमा तालिम दिनु पर्ने
- सुरक्षा परिषदमा पेश गरिने प्रतिबेदनमा महिला तथा बालिका विरुद्धका हिंसाका विषयहरू समेटिनु पर्ने

द्वन्द्व प्रभावित महिला तथा बालबालिका सर्वोपरी हितलाई ध्यानमा राखी राहत दिलाउने, न्याय प्रदान गर्ने, शान्ति प्रकृयामा महिला सहभागि गराउने तथा नीति निर्माण र कार्यान्वयन तहमा समेत महिला सहभागिता बढाउने उद्देश्यले नेपाल सरकारले संयुक्त राष्ट्र संघबाट पारित प्रस्तावन . १३२५ र १८२० कार्यान्वयन गर्न आगामी ५ वर्ष (२०६७।६८-२०७१।७२) का लागि राष्ट्रिय कार्ययोजना निर्माण गरी लागू गरेको छ ।

**लक्ष्य**

दीगो शान्ति तथा न्यायपूर्ण समाजको सुनिश्चितता गर्ने

**उद्देश्य**

द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रकृयाको सम्पूर्ण पक्षमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता तथा सुरक्षाको पूर्ण प्रत्याभूति गर्ने ।

**स्तम्भ**

- सहभागिता
- सुरक्षा र रोकथाम
- प्रवर्द्धन
- राहत तथा पुनः प्राप्ति
- स्रोत व्यवस्थापन अनुगमन तथा मूल्यांकन

सहभागिता

महिलाको सहभागिता प्रवर्द्धन गर्नका लागि विद्यमान नीति तथा कानुनहरूको आवश्यकताअनुसार निर्माण एवं परिमार्जन गर्ने, शान्ति प्रक्रियाका विभिन्न चरणहरूमा महिलाको सहभागिता सुनिश्चित गर्ने, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र लगायतका निकायहरूमा महिलाको सहभागिता वृद्धि गर्ने उद्देश्य लिएको छ। उपरोक्त उद्देश्य हासिल गर्नका लागि निम्न बमोजिमको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

- महिला सहभागिताको वृद्धि गर्नका लागि नीति तथा कानुनहरूमा भएका कमी कमजोरीहरूको पहिचान गरी आवश्यकता अनुसार कानुनको निर्माण वा परिमार्जन गर्न कार्ययोजना लागू भएको पहिलो वर्षदेखि ५ वर्षभित्र गर्ने समयसीमा तोकिएको छ,
- शान्ति वार्ता, छलफल, विशेष कार्यदल, स्वदेशी तथा वैदेशिक प्रतिनिधिमण्डल लगायतका शान्ति निर्माण प्रक्रियामा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- राज्यको सम्पूर्ण तहमा  महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- क्षमता बिकास कार्यक्रम संचालन गर्ने,
- महिलाहरूलाई निर्वाचनमा प्रोत्साहन तथा सहयोग गर्ने,
- राजनीतिक दलमा महिला समानुपतिक सहभागिता बढाउने,
- नागरिक समाज, निजी क्षेत्र तथा गैरसरकारी संस्थाको हरेक तहमा महिलाको सहभागिताको लागि प्रोत्साहन गर्ने,
- महिला सहभागिता अभिवृद्धिका क्षेत्रमा कार्यरत जो कसैलाई पैरवी क्षमता वृद्धि गर्ने,
- स्थानीय भाषामा  कार्यक्रमहरू सञ्चालन गर्ने ।

**सुरक्षा र रोकथाम**

सुरक्षा व्यक्तिको जीवन निर्वाह तथा उन्नतीका लागि अत्यन्त महत्वपूर्ण र आवश्यक तत्व हो । द्वन्द्व र संक्रमणकालमा अझ बढी यसको आवश्यकता रहेको हुन्छ। लैंगिक तथा यौनजन्य हिंसामा

आधारित घटनालाई तत्काल एवं प्रभावकारी रुपमा सम्बोधन गर्नको लागि न्याय एवं सुरक्षा प्रणालीमा आवश्यक सुधार गरी दण्डहीनता अन्त्य गर्ने रणनीतिक उद्देश्य लिएको छ ।

- गोपनीयता र मर्यादा कायम गरी अनुसन्धान र कार्यवाहीको संयन्त्र तयार गर्ने,
- निःशुल्क कानुनी सेवा प्रदान गर्ने,
- द्वन्द्वकालका दोषीलाई सजाँय दिलाउन आवश्यक कानुनी व्यवस्था गर्ने,
- जबर्जस्ती करणीका घटनामा उजुरी गर्ने हदम्यादलाई बढाउने,
- सुरक्षा निकायभित्र यौनजन्य हिंसा भएमा शून्य सहिष्णुता कायम गर्ने,
- निशुल्क औषधीपचार, मनोविमर्श एवं कानुनी परामर्श उपलब्ध गराउने,
- नेपाल प्रहरी अन्तर्गत विद्यमान महिला तथा बालबालिका सेवा केन्द्रलाई छुट्टै भवन उपलब्ध गराउने,
- महिला तथा बालबालिका सेवा केन्द्रको जिम्मेवारी क्रमशः प्रहरी निरीक्षक दर्जाको महिलालाई दिने,
- शान्ति सम्झौताहरूमा लैङ्गिक तथा यौनजन्य हिंसासम्बन्धी विषयलाई सम्बोधन गर्ने,
- जबर्जस्ती करणी तथा जबर्जस्ती करणीको उद्योगका अपराधमा आममाफी नदिने प्रावधान समावेश गर्ने,
- सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने,
- सुरक्षा निकायका पदाधिकारीहरूलाई प्रशिक्षण दिने,
- नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनालाई प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी प्रशिक्षण दिने ।

**प्रवर्द्धन**

यौन तथा लैंगिकतामा आधारित महिला बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसाको तथ्यांक संकलन गरी जनचेतना जगाउने, द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रकृयाको सबै पक्षमा लैंगिक मूल प्रवाहीकरण गर्ने, रणनीतिक उद्देश्य निर्धारण गरिएको छ । उक्त उद्देश्य हासिल गर्नका लागि देहायको कार्यक्रम संचालन गरिने व्यवस्था छ :

- हिंसाको कारण सहितको तथ्यांक संकलन तथा अभिलेखीकरण गर्ने,
- महिला शान्ति र सुरक्षाका सम्बन्धमा केन्द्र र जिल्लास्तरमा सूचना केन्द्र तोक्ने,
- प्रस्ताव नं. १३२५ र १८२० तथा सो सँग सम्बन्धित महिला मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई प्रमुख स्थानीय भाषामा अनुवाद गरी विभिन्न संचार माध्यमबाट प्रचार प्रसार गर्ने,
- पाठ्यक्रम तथा अन्य अनौपचारिक शिक्षामा यस विषयलाई समावेश गर्ने,
- पुनस्थापना गर्ने वातावरण सिर्जना गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- सञ्चार क्षेत्रका विभिन्न माध्यमबाट यस सम्बन्धि कार्यक्रम संचालन गर्ने,
- राहत तथा परिपूर्तिका सूचनाहरू पारदर्शी रुपमा प्रवाह गर्ने,
- नीति तथा कार्यक्रममा लैङ्गिक दृष्टिकोणलाई समावेश गर्ने,
- यस प्रस्ताब कार्यान्वयनकालागि केन्द्रदेखि स्थानीय स्तरका सरोकारवाला निकायहरूका व्यक्तिको क्षमता अभिवृद्धि गर्ने,

- जिल्ला र नगरपालिका/गाविस स्तरमा गठन भएका स्थानीय शान्ति समितिका सदस्यहरू खास गरी महिला सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने,
- राजनीतिक दलहरूले आ-आफ्ना संगठनहरूमा सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रमहरूमा महिला, शान्ति र सुरक्षाका विषयलाई समावेश गर्ने,
- महिला र महिला अधिकारका क्षेत्रमा कार्यरत जिल्लास्थित संघ संस्थाहरूको संजाल गठन गर्न प्रोत्साहन गर्ने ।

**राहत तथा पुनः प्राप्ति**

कार्ययोजनामा राहत, पुनःप्राप्ति तथा पुनःस्थापनाका कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा द्वन्द्व प्रभावित महिलाको प्रत्यक्ष र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने महिला र बालिकाहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्य लिएको छ ।

- द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व लडाकू महिलाको वास्तविक अवस्था (स्वास्थ्य, शिक्षा, वित्तीय तथा आर्थिक आवश्यकता) को पहिचान गर्ने,
- लैङ्गिक अवधारणाको आधारमा तत्कालिन राहतका कार्यक्रमहरू तर्जुमा एवं कार्यान्वयन गर्ने
- परिचयपत्र, जन्मदर्ता, नागरिकता, विवाह दर्ता, विद्यालय स्थानान्तरण लगायतका आवश्यक प्रमाणपत्र प्रदान गर्ने,
- द्वन्द्व प्रभावित कर्मचारी वा कामदार महिलालाई लक्षित गरी आवश्यकता अनुसार शिशुस्याहार सेवाको व्यवस्था गर्ने,
- वित्तीय तथा आर्थिक पुनःप्राप्तिका कार्यक्रमहरू तर्जुमा एवं सञ्चालन गर्ने,
- द्वन्द्वका कारण मानसिक सन्तुलन गुमाएका एवं घरवारको पहिचान नभएका महिलाको उपचार एवं पुनःस्थापनाको लागि आवश्यक व्यवस्था गर्ने,
- छात्रवृत्ति तथा अध्ययनका लागि प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने,
- ब्रिज कोर्ष तथा अनौपचारिक शिक्षा प्रदान गर्ने,
- सीपमूलक तालिम तथा आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने,
- व्यवसाय गर्न चाहानेहरूकालागी विऊ पुँजी वा निर्ब्याजी ऋण प्रदान गर्ने,
- सम्मानपूर्वक व्यवहार गर्न बिभिन्न  कार्यक्रम सञ्चालन गर्ने,
- आपतकालीन कोषको व्यवस्था गर्ने ।

**स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन**

अनुगमन तथा मूल्यांकन कार्यलाई संस्थागत गरी सम्पूर्ण सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत र साधन सुनिश्चित गर्ने उद्देश्य आत्मसात गरेको छ । उक्त उद्देश्य हासिल गर्नका लागि देहाएका कार्यक्रम संचालन गरिने व्यवस्था गरिएको छ ।

- राष्ट्रिय कार्य योजनालाई आवधिक तथा क्षेत्रगत योजना, बजेट तथा कार्यक्रममा समावेश गर्ने,

- सरकारी स्रोतको अतिरिक्त विकासका साझेदार संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रको स्रोत परिचालन गर्ने,
- राष्ट्रिय कार्य योजनाको प्रभावकारी अनुगमन तथा मूल्यांकनको लागि क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने,
- राष्ट्रिय कार्य योजना अनुगमन तथा मूल्यांकनमा लाभान्वित वर्ग तथा महिला अधिकारका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरूको सहभागिता संस्थागत गर्ने,
- लैङ्गिक परीक्षण (जेण्डर अडिट) प्रणालीलाई राष्ट्रिय कार्ययोजना अनुगमन तथा मूल्यांकन प्रणालीमा समाहित गर्ने,
- समन्वय र सहकार्यको लागि उपयुक्त प्रक्रिया निर्माण गर्ने,
- अनुगमन तथा मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्ने,
- कार्यान्वयन समितिको क्षमता अभिवृद्धि गर्ने,
- शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा लैङ्गिक इकाई (जेण्डर यूनिट) गठन एवं क्षमता अभिवृद्धि गर्ने,

राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने संयन्त्र

राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि केन्द्रिय तथा जिल्लास्तरीय कार्यान्वयन संयन्त्रको व्यवस्था गरेको छ। केन्द्रिय संयन्त्रले विशेष गरी नीति निर्माण गर्ने तथा जिल्लास्तरका संयन्त्रले गरेको काम कारवाहीको अनुगमन तथा आवश्यक निर्देशन दिने व्यावस्था गरिएकोछ। त्यसैगरी जिल्ला संयन्त्रले राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सम्बन्धमा समन्वय गर्ने तथा कार्ययोजना कार्यान्वयन गर्ने गराउने कार्य तोकिएकोछ।

## सत्र ९ :पीडित केन्द्रित कार्यविधि



सामान्यतयाः कुनै कसुरको घटना घटेपछि त्यसमा कम्तिमा पनि दुईटा पक्षहरू रहेका हुन्छन् - एउटा कसूरदार वा पीडक र अर्को कसूरबाट पीडामा पर्ने व्यक्ति वा पीडित । सामान्यतया एउटा कसूरदार वा पीडकले पीडितमाथि तत्काल पीडामा पार्ने कार्य गरेको हुन्छ । तर वातावणीय अपराध वा भ्रष्टाचारजस्ता केही अपराधमा तत्काल कुनै पक्ष पनि पीडित जस्तो देखिँदैन तर पछि गएर समग्र समाज वा राज्य प्रणाली नै त्यसबाट पीडित भइरहेको हुन्छ ।

फौजदारी न्यायका सामान्य सिद्धान्तहरूलेमात्र होईन, मानव अधिकार सम्बन्धी लिखतहरूले पनि पीडितलाइभन्दा अभियुक्त वा पीडकलाई प्राथमिकतामा राखेका देखिन्छन् । यसको लागि के तर्क गरिन्छ भने पीडितको तर्फबाट त सिङ्गो राज्य प्रणालीले नै प्रतिनिधित्व गरिरहेको हुन्छ र राज्यका विरुद्धमा अभियुक्त नितान्त एक्लै कानूनी लडाईं लडिरहेको हुन्छ, अतः उसलाई बढी संरक्षण दिइनु पर्दछ ।

तर विस्तारै यस अवधारणामा परिवर्तन हुँदै गएको छ । खासगरी सन् १९७० को दशक पछि अपराधशास्त्रको अध्ययनमा र फौजदारी न्याय प्रशासनमा पीडितलाई हेरिनु पर्दछ र पीडितका सरोकारलाई बेवास्ता गरेर न्यायिक प्रक्रिया अघि बढाइनु हुँदैन भन्ने मानयता प्रबल हुँदै आएको छ ।

संयुक्त राष्ट्र संघको अपराधका पीडित र शक्तिको दुरुपयोगसँग सम्बन्धित न्याीयक आधारभूत सिद्धान्तसम्बन्धी सन् १९८५ को घोषणापत्रले फौजदारी कानूनको उल्लंघन गरी भएको कुनै कार्यको परिणामस्वरुप वैयक्तिक वा सामुहिक रुपमा मानसिक वा शारीरिक रुपमा पीडा पाएको वा आर्थिक हानी नोक्सानी पुग्न गएको वा आधारभूत अधिकारमा उल्लेखित क्षति हुन गएको व्यक्तिलाई पीडित भनिन्छ ।

यस घोषणापत्रले पीडितका निम्न अधिकार हुने सैद्धान्तिक व्यवस्था गरेको छ ।

- सम्मान तथा सहानुभूतिपूर्ण व्यवहार पाउने अधिकार
- न्यायिक कारवाहीको सूचना प्राप्त गर्ने अधिकार
- न्यायिक अधिकारी समक्ष आफ्नो कुरा व्यक्त गर्ने अधिकार
- निःशुल्क कानुनी सहायता प्राप्त गर्ने अधिकार
- गोपनियता तथा परिचयको गोप्यता रहने अधिकार
- मेलमिलाप हुँदा सहभागी हुने अवसर प्राप्त गर्ने अधिकार
- पीडकबाट क्षतिपूर्ति प्राप्त गर्ने अधिकार
- हिंसापूर्ण अपराधमा राज्यबाट क्षतिपूर्ति प्राप्त गर्ने अधिकार
- सामाजिक सहयोग तथा मद्दत प्राप्त गर्ने अधिकार

नेपालको सन्दर्भमा हेर्दा केही अपवादबाहेक फौजदारी न्याय प्रशासनका पीडितको स्थान सरकारी साक्षीभन्दा माथिल्लो स्तरको छैन । पीडित स्वयंले निजको तर्फबाट अन्य कसैले कसूरको सूचना

प्रहरी समक्ष दिइ सकेपछि अधिकांश अवस्थामा निजलाई कानूनी कार्यविधिले कुनै सरोकार नै राख्दैन । फलस्वरुप ऊ बिर्सिएको पात्रको रुपमा निस्क्रिय रहन्छ । कसूरको मारबाट पीडित त्यस्तो पक्षलाई अझ बढी पीडा दिने कार्य पीडक सँगै राखेर पटक-पटक बयान लिइदा वा मुद्दाका क्रममा पीडक सँगैहुनुपर्दाको क्षणमा हुने गर्दछ ।

यस दुःखद स्थितिको अन्त्यको लागि कानूनी सुधारका प्रयास हुँदै नभएका भने होइनन् । यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले थुनामा रहँदा यातना दिइएको भए पीडित व्यक्तिलाई एक लाख रुपैयाँसम्म क्षतिपूर्ति दिइने व्यवस्था गरेको छ । नागरिक अधिकार ऐन, २०१२ ले सो ऐनले दिएका अधिकारमा आघात पुग्न गएको अवस्थामा अदालतले उपयुक्त क्षतिपूर्ति दिई दिन सक्ने व्यवस्था छ । सवारी तथा यातायात ऐन, २०४९, गाली बेइज्जती ऐन, २०१६ जस्ता ऐनमा पनि पीडितलाई क्षतिपूर्ति दिलाइ दिन सक्ने व्यवस्था छ । मुलुकी ऐन कुटपिटको महलमा पीडित पक्षलाई दिलाई दिन सक्ने व्यवस्था छ भने जबर्जस्ती करणी र मानव बेचबिखन जस्ता जघन्य अपराधमा पीडितले क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ । साथै सरकारवादी मुद्दामा समेत पीडित पक्षले चाहेमा अलग्गै कानून व्यवसायी राखी वहस पैरवी गराउन पाउने व्यवस्था गरिएको छ ।

हाम्रो देशमा औपचारिक र अनौपचारिक दुवै निर्णय पद्धतिमा पीडितलाई केन्द्रमा राखेर विवाद समाधान गर्ने गरेको पाइँदैन । पीडितलाई पनि कसूरदार सरह लाञ्छना र हेयको भावले हेर्ने गलत संस्कृति अझै व्याप्त छ । उसलाई न्याय माग्न आएको निर्दोष पक्षको रुपमा होइन, सहअभियुक्त सरह व्यवहार गर्ने गरिन्छ । पीडितकै कारण घटना भएको हो कि भन्ने शंका गरी सोही आधारमा निज उपर लाञ्छना लगाइन्छ । कतिपय अवस्थामा पीडितको  चालचलन, आचरण, व्यवहारलाई नै कसूरको घटना घट्नुको कारक तत्वका रुपमा लिई दोषारोपण गर्ने गरेको पाइन्छ । भड्किलो वा उत्ताउलो पोशाक लगाएको कारण महिला उपर यौनजन्य हिंसा भएको हो भन्ने सोच्नु यसको एक ज्वलन्त उदाहरण हो । पीडितलाई कसूरदारकै उपस्थितिमा अपराधका वारेमा बयान दिन वा भन्न लगाईन्छ, तर यसवाट निजमा थप कति पीडा पुग्छ भनी सोच्ने गरेको पाईदैन ।

उपर्युक्त पृष्ठभूमिमा हेर्दा पीडित केन्द्रित कार्यविधिका निम्न पक्षहरू अति नै महत्वका हुने देखिन्छन्ः

**१.पीडितको गोपनियताको संरक्षण**

कतिपय मुद्दामा पीडितको गोपनियताको संरक्षण अत्यन्तै संवेदनशील र महत्वपूर्ण हुन्छ । खासगरी पीडितलाई लाञ्छना र थप पीडाबाट जोगाउन र पीडकको संभावित थप आक्रमणबाट बचाउन गोपनियता संरक्षण गर्नु परेको हो । यसका लागि शुरु जाहेरी दर्ता देखि नै पीडितलाई निश्चित कोड नाम  दिई सो नामबाटै थप कारवाही अघि बढाइनु पर्दछ । यस सम्बन्धमा सर्वोच्च अदालतबाट एक कार्यविधि निर्देशिका पनि तयार भएको छ । तोकिएको मुद्दाको सुनुवाई बन्द इजलासबाट हुने कानूनी व्यवस्था गरिनु पनि पीडितको गोपनियता कायम गर्ने अर्को प्रयास हो ।



### २. पूर्व जानकारीयुक्त सहमति

पीडितसँगबाट कुनैपनि कुराको सम्बन्धमा सहमति लिइदा सो कुरा निजलाई पहिले नै राम्रोसँग जानकारी दिई सो सहमतिको परिणाम यस्तो यस्तो हुन्छ भनी अर्थ लगाई बुझाएर मात्र लिइनु पर्दछ । यसो गर्दा पीडितले आफूले सहमति दिदा सवै कुरा बुझेर सहमति दिने हुँदादिएको सहमतिका कारण पछि गएर पछुताउनु पर्ने हुँदैन ।

### ३. संरक्षण र सुरक्षा

मुद्दाको प्रकृति अनुसार कतिपय मुद्दाका पीडितलाई भौतिक रुपमा नै संरक्षण र सुरक्षाको व्यवस्था गर्नुपर्ने हुनसक्छ । खासगरी पीडकका तर्फवाट पीडित उपर आक्रमण वा जवर्जस्तीगर्ने निकै सम्भवना रहन्छ । व्यक्तिगत रुपमा भएका अपराध भन्दा संगठित गिरोहले संचालन गर्ने मानव बेचबिखन, घरेलु हिंसा र यौनजन्य हिंसाका कसूरमा पीडितलाई यस प्रकारको संरक्षण र सहयोगको धेरै आवश्यकता रहेको हुन्छ ।

### ४. कानूनी तथा मनोवैज्ञानिक परामर्श

कतिपय अवस्थामा पीडितलाई कानूनी तथा मनोवैज्ञानिक परामर्शको आवश्यकता पर्दछ । अपराधको पीडा सहन गर्न कठीन भईरहेको अवस्थामा उजुरी र त्यसपछि बदलामा अर्को पक्षले चाल्न सक्ने संभावित कदमको त्रासले पीडित अझ बढी पीडामा रहेको हुन सक्छ । यस्तो अवस्था कानूनी व्यवस्थाको साङ्गोपाङ्गो ज्ञान नभएर पनि हुन सक्छ भने अर्को पक्षले झुटो कुरा प्रचार गरेर पनि पीडितमाथि दवाव सिर्जना गरिरहेको हुनसक्छ । यस्ता अवस्थामा आवश्यकता अनुसार पीडितलाई कानूनी तथा मनोवैज्ञानिक परामर्शदिने कार्य समेत पीडित केन्द्रीत कार्यविधि भित्र पर्दछ ।

### ५. क्षतिपूर्ति

आफूलाई भएको वास्तविक हानीको क्षतिपूर्ति पाउनु कसूरबाट पीडित पक्षको अधिकार हो । तर हालसम्म पनि पीडितलाई दिइने क्षतिपूर्ति पीडितको वहन गरेको पीडाको आधारमा होइन, पीडकको क्षतिपूर्ति तिर्न सक्ने आर्थिक क्षमताका आधारमा तोकिने पद्धति रहेकोले पीडितले व्यहोरेको पीडालाई उपेक्षागर्ने गरिएको छ । यो गलत नीति हो ।वहन गरेको पीडाको आधारमाक्षतिपूर्ति पाउने अधिकार पीडितको स्वभाविक अधिकार हो ।अत: विवादको निरुपण गर्ने प्रत्येक निकायले सम्बन्धित कार्यको परिणामस्वरुप पीडितले वहन गरेको क्षति (शारीरिक वा मानसिक) का आधारमा क्षतिपूर्ति भर्ने भराउने तर्फ ध्यान पुऱ्याउनु पर्दछ ।

## साझेदार संस्थाहरू

**इन्टरनेसनल अलर्ट** शान्ति स्थापनार्थ कार्यरत २६ वर्ष पुरानो स्वतन्त्र संस्था हो । हामी द्वन्द्वबाट प्रत्यक्ष रूपमा प्रभावित मानिसहरूका शान्तिको सम्भाव्यतामा सुधार गर्नका निमित्त उनीहरूसँग मिलेर काम गर्छौं । द्वन्द्वको जोखिम घटाउन र शान्तिको सम्भावना वृद्धि गर्नका निम्ति सरकारहरू र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू जस्तै संयुक्त राष्ट्र तथा बहुराष्ट्रिय कम्पनीहरूका नीति तथा काम गर्ने तौरतरिकालाई प्रभाव पार्नु हाम्रो अभिप्राय रहेको छ । हामी अफ्रिका, एसियाका विभिन्न क्षेत्र, दक्षिणी ककेसस, मध्यपूर्व तथा ल्याटिन अमेरिकामा काम गर्छौं र हालसालै हामीले संयुक्त अधिराज्यमा काम थालनी गरेका छौं । हाम्रो नीतिगत कार्य शान्ति तथा सुरक्षाको सम्भाव्यतालाई प्रभाव पार्ने विभिन्न प्रमुख विषयवस्तु - अर्थतन्त्र, जलवायु परिवर्तन, लैङ्गिकता, अन्तर्राष्ट्रिय संस्थाका भूमिका, विकास सहयोगको प्रभाव, असल र खराब शासनको असरमाथि केन्द्रित छन् । हामी संसारको अग्रणी शान्ति स्थापनार्थ कार्यरत गैरसरकारी संस्थाहरूमध्ये एक हौं जहाँ लन्डन र १४ वटा क्षेत्रीय कार्यालयमा १५९ भन्दा बढी कर्मचारी कार्यरत छन् । हामी कसरी र कहाँ काम गर्छौं थाहा पाउनका लागि हेर्नुहोस्:www.international-alert.org.

**महिला कानुन तथा विकास मञ्च (FWLD)** CEDAW मा प्रत्याभूत महिला मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने लक्ष्यका साथ सन् १९९५ मा स्थापना भएको हो । यो लक्ष्य प्राप्तिका लागि FWLD का काम खासगरी महिलाको अधिकारहरूको रक्षा गर्ने UNSCR १३२५ जस्ता अन्तर्राष्ट्रिय कानुनी उपायहरूको कार्यान्वयनमा केन्द्रित हुन्छन् । नेपाली महिलाहरूको कानुनी हैसियतबारे अनुसन्धान गर्नु, अधिकारमुखी बहस पैरवी गर्नु, सार्वजनिक भलाइका लागि कानुनी उपचारमा जानु, सार्वजनिक शिक्षा, सञ्चार, अभियान र तालिम यसका मुख्य क्रियाकलाप हुन् । समुदायस्तरमा FWLD सँग तालिमप्राप्त कार्यकर्ताको बलियो समुदाय सहयोग सञ्जाल छ । यसमा लैङ्गिक चेतनामा तालिम दिइएका १५ जना स्थानीय महिलाको संलग्नतामा गठन भएको देशभरिका .... जिल्लामा ...... भन्दा बढी 'प्यारालिगल कमिटी' को सञ्चालन र लैङ्गिक हिंसाविरुद्ध कानुनी व्यवस्था र समुदाय मध्यस्थतता गर्छन् । राष्ट्रियस्तरमा सरकारसँगको निकट साझेदारीमा काम गर्ने FWLDप्रहरी र सेनाका समेत प्रतिनिधि रहने सरकारको लैङ्गिक हिंसा कार्यसम्पादन समितिको एक सदस्य पनि हो । थप जानकारीका लागि हेर्नुहोस् : www.fwld.org.np

**कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC)** सन् १९८६ मा स्थापना भएको एक स्वतन्त्र गैरसरकारी संस्था हो । यसको उद्देश्य नेपालका महिला तथा बालबालिकाको अधिकार तथा चाहनाको प्रवर्द्धन र संरक्षण गर्ने रहेको छ । नीतिगत तहमा LACC ले सरकारी नीति निर्माण गर्ने निकायहरूमा लबी गर्छ भने बृहत् तथा सूक्ष्म तहमा LACC ले महिला तथा बालबालिकालाई निःशुल्क कानुनी सेवा प्रदान गर्ने र अधिकारका बारेमा सचेतना तथा लैङ्गिक संवेदनशील कार्यक्रम सञ्चालन गर्छ । LACC को नेपालका १२ जिल्लामा सञ्जाल छ जसमा स्थानीय वकिल, नागरिक समाज र राजनीतिक दलका प्रतिनिधि छन् । यसले महिला तथा द्वन्द्वपीडितलाई पारालिगल तथा कानुनी सहयोग प्रदान गर्छन् । सीमान्तकृत महिला तथा द्वन्द्वपीडितलाई कानुनी सहयोग प्रदान गर्न LACC ले केन्द्र तथा जिल्ला तहमा नेपाल बार एसोसिएसनसँगको सहकार्यमा काम गरिराखेको छ । थपजानकारीका लागि हेर्नुहोस् :www.laccnepal.org